साप्ताहिक

गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक ७ २०८३ भदौ १६ गते मंगलबार (Sep. 1, 2026) मूल्य रू. १०/-

## सेप्टेम्बर ८ मा राष्ट्रसंघ गुहारौं

भोटेकोशीको महाविपदबारे विश्वलाई थाहा भइसक्यो । हिमाल, हिमाली जनजीवन, पानीको विषयमा विश्वलाई गुहार्न बिर्सनु हुन्न । राष्ट्रसंघको १९५५ देखिको सदस्य नेपालले सेप्टेम्बर ८ मा सुरू हुने ८१औं बैठकमा नेपालले अगुवाई लिएर हिमाली जनजीवन, जलवायु परिवर्तनमा विश्वको ध्यान खिचेर नेपालले भोगेको प्रलयजस्तै महाविपदबारे विश्वलाई गुहार्ने अवसर छ । यसमा नचुकौं ।



## आए, विश्वशक्तिदेखि एलनमस्कसम्म



नेपालमा परेको विपद्मा आपातकालीन, मेडिकल, आर्थिक सहायता दिन भारत, चीन, अमेरिका, बेलायत, क्यानडा, बंगलादेश, पाकिस्तान, श्रीलंका, अष्ट्रेलिया, टर्की, दक्षिण कोरिया, जापानलगायतका राष्ट्रहरू अगाडि आएका छन् । अमेरिकी राष्ट्रपतिले नेपाललाई जे चाहिन्छ, दिन्छु भनेका छन् भने एलन मष्कले बाढीग्रस्त क्षेत्रमा एप्पल, स्टार लिंक सहयोग दिन आएको छ । मस्कले नेपालमा आफ्नै स्वामित्वमा स्टारलिंक स्थापित गर्ने प्रस्तावसमेत सरकारलाई दिइसकेका छन् । नेपालका सबै बर्ग र तप्काले मन खोलेर सहयोग जुटाइरहेका छन् । बालेन सरकार मानवीय उद्धार, सहयोगलाई भूराजनीतिकरण नहोस् भनेर सचेत देखिन्छ ।

## संसदमा चिच्याउनेहरू विपद्मा देखिएनन्



# भोटेकोसीको बिनासको भेल

भदौ १० गते आएको भोटेकोशीको बाढी त्रिशुलीमा मिसिएपछि जुन महाविपद् आयो, त्यो महाकाल बनेर आयो जस्तो भयो । गुलजार नुवाकोट, धादिङ, गोर्खा, तनहुँ, चितवनमा बिनासको जुन लीला देखियो, त्यो देख्नेहरू अझै कहाल्ली रहेका छन् । राष्ट्रका लागि यो क्षतिबाट उठ्न दशकौं लाग्नेछ ।

खबर पाउनासाथ सरकार हर्कतमा आयो । सेना, नेपाल प्रहरी, सशस्त्र, प्रशासन सबै परिचालन गरेर उद्धार र राहतमा जुटेको छ । सुरक्षा निकाय देवदूत भएर खटियो । जनताले ज्यान भन्न पाएनन्, सम्पत्ति भन्न पाएनन्, आफन्त गुमाए, काल बनेर उर्लिएको बाढीले सपना सबै सोत्राम पारेर लग्यो । भोटेकोशीमा आएको बाढी सुनामीभन्दा कम थिएन ।

बाढी के आयो, विनासको भेल आयो, यो भेलले मान्छे, घर, सहर, पुल, जे जे भेलका बाटोमा परेका थिए, सबैलाई सोत्तर नै पारेर लग्यो । सुरूङभित्र अड्किएकाहरूलाई भारत र चीनका विज्ञहरू बोलाएर उद्धारको प्रयास भइरहेकै छ । हजारौं सुरक्षाकर्मी र अन्य व्यक्तिहरू अझै उद्धारमा सकृय छन् ।

हरियाली फाँट, भीडभाड हुने बजार, जनताका घरवास सबै बाढीसँगै बग्नुपरेको दृश्य यति हृदयविदारह थियो कि त्यो देखेर विश्व रोयो ।

धन्न नेपालले मित्रहरू कमाएको रहेछ, विश्वभरिका मित्रहरूले नेपालको यो विपद्मा साथ र सहयोग दिन हात बढाएका छन् । नेपालीले नेपालीलाई सहयोग गरिरहेका छन्, विदेशीहरूले समेत नेपालको यो विपद्मा मन खोलेका छन् । यो सहयोगलाई बालेन सरकारले बिना पूर्वाग्रह, बिना भेदभाव हरेक पीडितको हातमुखसम्म पुऱ्याउने छ भन्ने विश्वास सबैको छ ।

प्रकृति बज्रदा मान्छेले ऐया भन्ने समय पनि नपाउँदो रहेछ । यो सिख शासक, प्रशासकले सिके भने प्रकृतिसँग समन्वय बढ्नेछ, यो सिख विश्वका लागि समेत उदाहरण बन्नेछ ।




हुन त ६ वर्ष अघि आएको मेलाम्चीको बाढी, ३ वर्ष अघि आएको थामेको बाढी, डेढवर्ष अघि भोटेकोशीको बाढीको वियोगान्त घटना भोगेकै हौं । त्यतिबेलाको पीडाबाट केही सिकेको भए आज धेरै काम लाग्ने थियो । हामीले सिकेनौं, तैयारी गरेनौं ।

दुईवर्ष अघि अतिवर्षाले राजधानीका खोलानालामा बाढी आएको थियो, राजधानी जलमग्न भएको थियो । ठूलो क्षति बेहोरेकै हो, तर त्यसबाट पनि हामीले केही सिकेनौं । उल्टै सर्वोच्च अदालतले अदालतले खोला छेऊको वस्ति नहटाउनु भन्ने आदेश दियो ।

सिक्न त हामीले २०७२ को भूकम्पबाट धेरै सिक्नुपर्थ्यो, सिकेनौं । ७ वर्षअघि फैलिएको कोरोनाको महामारीबाट पनि धेरै गुमायौं, केही पनि शिक्षा लिएनौं । नेपाल त्यसै पनि तिब्बतीय प्लेटमा उभिएको मुलुक भएकाले भूकम्पको जोखिम अत्यधिक छ । २०७२ को महाभूकम्पपछि निरन्तर पराकम्पन र कम्पन आइनै रहेका छन् । यथार्थ बुझेर पनि राजनीतिक द्वन्द्वमा रमाइरह्यौं, नीतिगत रूपमा केही गरनौं, यस्तो दृष्टिविहीन नेतृत्व कहाँ होला ?

आज हामीले हिमालको खबरदारी पाएका छौं । महाविपद् भोगिरहेका छौं । आँसु बगाएर केही हुनेवाला छैन । जो पीडामा छन्, तिनलाई राहतको खाँचो छ, सहयोग हात बढाउने समय यही हो । जो सवस्व गुमाएर सनन्न भइरहेका छन्, तिनलाई राज्यले के गर्नसक्छ, के गर्नुपर्छ, संवेदनशील भएर गर्नुपर्छ । र, भावी दिनमा हिमालमैत्री भएर, प्रकृतिसँग समन्वय खातिर भूउपयोग नीति, वस्ति व्यवस्थापन नीति, शहरीकरण नीति, जलवायु नीतिमा ध्यान दिन जरूरी छ । अहिले पनि चुक्यौं भने भोलिका दिनमा आजको भन्दा भयानक परिणामका लागि हामी तैयार भएर बसे हुन्छ ।

बिपद् आयो कि सहयोगको हात थाप्यो, आँसु बगाएरमात्र हुन्न । स्वाभिमान र आत्मनिर्भरताका लागि, साँच्चै परिवर्तनका लागि यो संचेतनाको समय हो ।

नेतृत्वले दूरदृष्टि राख्नैपर्छ । राजनीतिक विवादभन्दा माथि उठेर ढलेका मन, संरचना उठाउन एक हुनैपर्छ ।

# रसुवा : नेपालले बेवास्ता गर्न नहुने चेतावनी



गालब बहादुर ढुंगाना

नेपालको उत्तरी सीमाबाट आइरहेका दृश्यहरू हृदयविदारक छन् । बस्तीहरू मेटिएका छन्, पुलहरू जगैदेखि बगेका छन् र परिवारहरू अझै बेपत्ता आफन्तको खबर पर्खिरहेका छन् । अगस्ट २९ सम्मको आधिकारिक तथ्यांकअनुसार नेपालमा ६७५ जनाको मृत्यु पुष्टि भइसकेको छ र झन्डै २,५०० जना अझै बेपत्ता छन् । तिब्बततर्फ सात जनाको मृत्यु पुष्टि भएको छ । खोजी तथा उद्धार कार्य जारी रहेकाले मृतक र बेपत्ताको संख्या दुवै अझै बढ्न सक्ने अधिकारीहरूले बताएका छन् । अहिलेको पहिलो दायित्व जीवन बचाउनु र बेपत्ताको खोजी गर्नु हो । तर समाचारको प्राथमिकताबाट यो घटना हटेपछि पनि यसले दिएको गम्भीर चेतावनी नेपालले बिर्सनु हुँदैन ।

अगस्ट २६ मा हालसम्मका आकलनअनुसार तिब्बतको उच्च हिमाली क्षेत्रमा ठूलो परिमाणमा हिउँ र चट्टान खसेर सीमापार लेन्दे खोलामा प्रवेश गरेको देखिन्छ । घटनाको ठ्याक्कै शृंखला भने वैज्ञानिकहरूले अझै अध्ययन गरिरहेका छन् । त्यसपछि आएको विपत्ति सामान्य मनसुनी बाढी थिएन । ढुंगा, माटो, हिउँ र गेग्रानसहितको अत्यन्त शक्तिशाली बहाव भोटेकोशी हुँदै त्रिशूलीमा पुग्यो । तल्लो क्षेत्रमा नदीको सतह आधा घण्टामै नौ मिटरसम्म बढेको बताइएको छ । बाढीले रसुवागढीको सीमा पूर्वाधार र टिमुरे तथा स्याफ्रुबेंसीका बजार ध्वस्त पार्दै नुवाकोट र धादिङसम्म ठूलो क्षति पुऱ्यायो । बाटोमा ३५ वटा मोटर चल्ने पुल, ४५ वटा झोलुङ्गे पुल र झन्डै ४० किलोमिटर सडक क्षतिग्रस्त भए । माथिल्लो क्षेत्रमा बनेको अवरोध ताल अगस्ट २८ मा आंशिक रूपमा फुट्यो भने अर्को ठूलो अवरोधसमेत बढिरहेको देखिएको छ ।

ऊर्जा क्षेत्रमा परेको क्षतिले अझ गम्भीर प्रश्न उठाएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार यही एउटा नदी करिडोरका १४ जलविद्युत् आयोजना क्षतिग्रस्त वा बन्द भएका छन्, जसमध्ये नौवटा सञ्चालनमा रहेका र पाँचवटा निर्माणाधीन थिए । यी सबैको संयुक्त क्षमता झन्डै ७५० मेगावाट हुन्छ, जसमध्ये करिब ३५४ मेगावाट सञ्चालनमा रहेर राष्ट्रिय ग्रिडमा विद्युत् आपूर्ति गरिरहेको थियो । जलविद्युत् आयोजनास्थलहरूबाट मात्रै ९३३ कामदार सम्पर्कविहीन छन् । यही करिडोर हुँदै कैलाशतर्फ गइरहेका तीर्थयात्रीसमेत विपत्तिमा परे ।

यो विपत्ति किन यति विनाशकारी बन्यो भन्ने बुझ्न हिमालयको भूगोल र इतिहासतर्फ फर्कनुपर्छ । हिमालय कहिल्यै पूर्ण रूपमा अभेद्य पर्खाल थिएन । नेपाल र तिब्बतबीच परम्परागत रूपमा करिब ४० हिमाली नाकाबाट व्यापार र आवागमन हुन्थ्यो । कालान्तरमा कोदारी, रसुवागढी, हिल्सा र कोरला जस्ता मार्ग प्रमुख नाका बने । यीमध्ये केही उच्च हिमाली भञ्ज्याङ हुँदै जाने मार्ग हुन् भने अरू अरूण, कर्णाली र भोटेकोशी जस्ता हिमालयपारिबाट आउने नदीहरूले हजारौं वर्ष लगाएर बनाएका गहिरा उपत्यका र गल्छी हुँदै जान्छन् ।

पानीले पहाड पार गर्ने बाटो मानिसभन्दा धेरै पहिले बनाएको थियो । मानिसले त्यही बाटो पछ्याए । नुन र ऊनका कारवाँ, पशुपालक र तीर्थयात्री तिनै बाटो हिँडे । पछिल्ला दशकमा तिनै साँघुरा नदी उपत्यकामा राजमार्ग, सीमा नाका, बजार, पर्यटन केन्द्र, प्रसारण लाइन र एकपछि अर्को जलविद्युत् आयोजना बने । तीव्र गतिमा बग्ने हिमाली नदीबाट ऊर्जा उत्पादन गर्नु आर्थिक रूपमा स्वाभाविक थियो । तर यसले एउटा खतरनाक विरोधाभास पनि जन्मायो । जुन साँघुरो भूगोलले आवागमन, व्यापार र विद्युत् उत्पादन सम्भव बनायो, माथिल्लो क्षेत्रमा विपत्ति आउँदा त्यही भूगोल विनाशलाई तलसम्म पुर्‍याउने प्राकृतिक मार्ग बन्न सक्छ ।

रसुवाले नेपालको जलविद्युत् विकासमा रहेको यही जोखिम उजागर गरेको छ । एउटै नदी प्रणालीमा धेरै आयोजना बनाउँदा सडक, प्रसारण लाइन र अन्य पूर्वाधार साझा गरेर लागत घटाउन सकिन्छ । तर ती आयोजनाले एउटै जलाधार, कमजोर भिरालो, हिमनदीजन्य जोखिम र बाढीको मार्ग पनि साझा गर्छन् । माथिल्लो क्षेत्रमा एउटा ठूलो घटना हुँदा विद्युत् उत्पादन केन्द्र, त्रिशूली ३ बी जस्ता सबस्टेसन, प्रसारण लाइन र त्यहाँ पुग्ने सडकसमेत एकैपटक बन्द हुन सक्छन् ।

यो समस्या रसुवामा मात्र सीमित छैन । पूर्वमा अरूण, तमोर र दूधकोशी, मध्य नेपालमा मर्स्याङ्दी र बूढीगण्डकी तथा पश्चिममा कर्णाली र भेरीलगायतका नदीमा ठूला जलविद्युत् आयोजना केन्द्रित हुँदैछन् । यीमध्ये धेरै नदी हिमनदी, हिउँ र तीव्र भिरालो भूभाग भएका उच्च हिमाली जलाधारबाट आउँछन् ।

अझ महत्त्वपूर्ण कुरा, हिमालय स्वयं परिवर्तन भइरहेको छ । इसिमोडका अध्ययनअनुसार हिन्दुकुश हिमालयका हिमनदीहरूले यस शताब्दीको सुरूआतको तुलनामा अहिले झन्डै दोब्बर गतिमा हिउँ गुमाइरहेका छन् । सन् १९९० देखि २०२० सम्म हिमनदी क्षेत्र करिब १२ प्रतिशत र अनुमानित हिउँ भण्डार करिब ९ प्रतिशतले घटेको छ । तापक्रम वृद्धि, हिमनदीको पछाडि हट्ने क्रम र पर्माफ्रस्ट कमजोर हुँदै जाँदा उच्च हिमाली भिरहरूको स्थिरता पनि बदलिँदै छ । यसले हिमतालसँग प्रत्यक्ष सम्बन्ध नभएका चट्टान र हिउँका पहिरोको जोखिमबारे समेत चिन्ता बढाएको छ । तीसदेखि पचास वर्षका लागि बनाइने पूर्वाधार जुन प्राकृतिक अवस्थालाई आधार मानेर डिजाइन गरिन्छन्, ती अवस्था स्वयं तीव्र गतिमा बदलिँदै छन् । यसको अर्थ नेपालले जलविद्युत् विकास रोक्नुपर्छ भन्ने होइन । जलविद्युत् नेपालको आन्तरिक विद्युत् आपूर्ति र भारततर्फ विद्युत् निर्यातबाट हुने आम्दानीको प्रमुख आधार हो । तर अब प्रत्येक आयोजनालाई छुट्टाछुट्टै हेरेर मात्र पुग्दैन । हिमाल र नदीलाई एकअर्कासँग जोडिएको प्राकृतिक प्रणालीका रूपमा बुझेर योजना बनाउनुपर्छ । ऊर्जा विविधीकरणको अर्थ थप आयोजना वा थप नदी जलाधार मात्र होइन, भूगोल, प्रविधि र प्रसारण जोखिमको समेत विविधीकरण हुनुपर्छ ।

आयोजना अनुसार छुट्टाछुट्टै वातावरणीय अध्ययन मात्र होइन, सम्पूर्ण नदी जलाधारको जोखिम मूल्यांकन आवश्यक छ । माथिल्लो क्षेत्रमा हिमपहिरो वा गेग्रानयुक्त बाढी आए त्यो कहाँसम्म पुग्छ, तलका कति आयोजना एकैपटक प्रभावित हुन सक्छन् र सडक, सबस्टेसन तथा प्रसारण लाइन कति सुरक्षित छन् भन्ने कुरा आयोजना स्वीकृत गर्नुअघि नै अध्ययन गर्नुपर्छ ।

ऊर्जा सुरक्षाका लागि वास्तविक विविधीकरण पनि आवश्यक छ । जलविद्युतसँगै नदी करिडोरबाट टाढा मध्यपहाड र तराईमा सौर्य ऊर्जा, ब्याट्री भण्डारण र वैकल्पिक प्रसारण सञ्जाल विस्तार गर्नुपर्छ । एउटै बाढीले नदी किनारका धेरै जलविद्युत् आयोजना क्रमशः क्षतिग्रस्त बनाउन सक्छ । तर विभिन्न भूभागमा फैलिएका सौर्य आयोजनालाई एउटै घटनाले त्यसरी प्रभावित गर्न सक्दैन ।

यो विपत्तिले हिमाली वातावरणीय सुरक्षा वास्तवमा नेपाल, चीन र भारत – तीनैको साझा जिम्मेवारी हो, नेपाल र चीनको मात्र होइन, भन्ने पनि देखाएको छ, किनभने हिमनदी, नदी, बाढी र गेग्रानयुक्त बहावले राजनीतिक सीमा चिन्दैनन् र यी नदीहरू अन्ततः भारततर्फ पनि बग्छन् । रसुवाले सीमापार सहकार्यको आवश्यकता पनि देखाएको छ । यस्ता तीव्र बहाव तल्लो क्षेत्रका सामान्य बाढी मापन केन्द्रले पर्याप्त चेतावनी दिनुअघि नै आइपुग्न सक्छन् । त्यसैले लेन्दे खोला जस्ता सीमापार जलाधारका लागि नेपाल, चीन र भारतबीच भूकम्पीय गतिविधि, भूउपग्रह सूचना, नदीको बहाव र जलस्तरसम्बन्धी तथ्यांक तत्काल आदानप्रदान गर्ने पूर्वसूचना प्रणाली आवश्यक छ । सबस्टेसन र प्रसारण सञ्जाल पनि एउटा नदी करिडोर ध्वस्त हुँदा ठूलो क्षेत्रको विद्युत् प्रणाली नै अवरूद्ध नहुने गरी निर्माण गरिनुपर्छ ।

प्रकृतिले स्पष्ट चेतावनी दिएको छ । हिमालयले नेपालको भूगोल, व्यापारका मार्ग, तीर्थयात्रा र बढ्दो रूपमा हाम्रो विद्युत् आपूर्तिलाई पनि निर्धारण गरिरहनेछ । तर हिमालय स्थिर छैन । अब प्रश्न जलविद्युत् विकास गर्ने कि नगर्ने भन्ने होइन । प्रश्न हो, बदलिँदो हिमालयको वास्तविकता बुझेर नेपालको ऊर्जा र पूर्वाधार नीति समयमै बदल्ने कि अर्को नदी करिडोरमा यस्तै विपत्ति नआउन्जेल पर्खिरहने ?



## कोपिला फाउण्डेशनको शैक्षिक सेवा

रतन बहादुर रावल मुगु, १२ भदौ ।

मुगुको मुगुम कार्मारूङ गाउँपालिका वडा नं. ८, मांग्रि अवस्थित श्री बुद्ध नमुना माध्यमिक विद्यालयमा एक भव्य समारोहका बीच शैक्षिक सामग्री वितरण तथा विभिन्न अतिरिक्त क्रियाकलाप कार्यक्रम सम्पन्न भएको छ । अक्कल कोपिला फाउन्डेसनका संस्थापक, एवं पूर्व सशस्त्र प्रहरी बलका पूर्व हवल्दार एवं समाजसेवी अक्कल बहादुर बोहरा की अर्थात् मुगाली चेली पाइलट शर्मिला बोहोराको १८ औं जन्मदिनको पावन अवसरमा उक्त सहयोग र कार्यक्रमको आयोजना गरिएको हो । हाल स्पेनको कोष्टा ब्लङ्कामा बसोबास गर्दै आउनुभएका समाजसेवी बोहराले छोरीको जन्मदिनलाई परोपकारी कार्यसँग जोड्दै विद्यालयलाई आर्थिक सहयोग उपलब्ध गराउनुभएको थियो । ३१३ विद्यार्थीलाई स्टेसनरी सामग्री वितरण फाउन्डेसन र दाता परिवारको आर्थिक सहयोगमा विद्यालयका कक्षा १ देखि १२ सम्मका कुल ३१३ जना विद्यार्थीहरूलाई उपयोगी स्टेसनरी सामग्रीहरू वितरण गरिएको छ ।

दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई पढाइमा थप हौसला मिलोस् भन्ने उद्देश्यले जन्मदिनको खर्च कटाएर यो सामग्री सहयोग गरिएको फाउन्डेसनले जनाएको छ । विविध प्रतियोगिता र उत्सवशैक्षिक सामग्री वितरणसँगै विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले विद्यालयमा विविध प्रतियोगिताहरू समेत आयोजना गरिएका थिए । कार्यक्रम अन्तर्गत विद्यार्थीहरूबीच हाजिरी जवाफ प्रतियोगिता, रिले दौड, र वक्तृत्वकला प्रतियोगिताहरू उत्साहजनक रूपमा सम्पन्न भएका थिए । प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरूलाई पुरस्कृत समेत गरिएको थियो । विद्यालयद्वारा आभार र शुभकामना व्यक्तआफ्नो दुर्गम क्षेत्रको विद्यालय र विद्यार्थीहरूलाई सम्झेर अमूल्य सहयोग पुऱ्याएकोमा श्री बुद्ध नमुना माध्यमिक विद्यालय परिवारले दाता अक्कल बहादुर बोहरा तथा अक्कल कोपिला फाउन्डेसनप्रति हार्दिक आभार प्रकट गरेको छ । साथै, विद्यालय परिवारले पाइलट शर्मिला बोहोराको १८औं जन्मदिनको अवसरमा सुख, स्वास्थ्य, दीर्घायु र प्रगतिको शुभकामना व्यक्त गरेको छ ।

## बिस्थापितका पुनर्स्थापनाका आवश्यकता

विस्थापित नागरिकको दीर्घकालीन पुन:स्थापनाका आवश्यक छ ।

**अधिवक्ता बिष्णु गिरी**



काठमाडौ । अधिवक्ता बिष्णु गिरीले रसुवा लगायतको बाढी प्रभावित क्षेत्रको उद्धार र राहत कार्यलाई युद्धस्तरमा अघि बढाउन सरकार आग्रह गरेका छन् । सामाजिक सञ्जाल मार्फत अधिवक्ता गिरीलेसरकारले विस्थापित नागरिकको दीर्घकालीन पुन:स्थापनाका लागि योजनाबद्ध कदम चाल्नुपर्ने बताएका छन् । पछिल्लो समय उद्धारमा ढिलाइ र आवश्यक उपकरणको कमीप्रति चिन्ता व्यक्त गर्दै गिरीले अन्तर्राष्ट्रिय सहयोग र उच्च प्रविधि प्रयोग गर्नुपर्ने सरकारले ढिलाई गर्न नहुने बताए । अझै पनि कतिपय स्थानमा बाढीपिडितलाई राहत नपुगेको गुनासो आईरहेकोले त्यसलाई तत्काल सम्बोधन गर्न सरकारलाई आग्रह गरे ।

सरकारले टनेलभित्र, खोलाको छेउ तथा विकट स्थानमा फसेका नागरिकको उद्धारका लागि तत्काल अन्तर्राष्ट्रिय सहयोग लिनुपर्ने र उच्च प्रविधिसहितका आवश्यक उपकरण परिचालन गर्नुपर्नेमा अधिवक्ता गिरीले जोड दिए उनले भने प्रभावित क्षेत्रमा आवश्यकताअनुसार राहत तथा उद्धार सामग्री पुऱ्याउन स्थानीय तहलाई थप स्रोत, जनशक्ति र अधिकारसहित परिचालन गरिए बढी प्रभावकारी हुने उनको भनाई छ छ । अधिवक्ता गिरीले रसुवामा बाढीपछि स्याफ्रुबेंसी, टिमुरे र भोटेकोशी आसपासका बासिन्दा तथा पर्यटकहरू सम्पर्कविहीन रहेको भन्दै बिजुली र टेलिफोन सेवा बन्द हुँदा बाँचेका मानिसलाई आफन्तको अवस्था थाहा पाउन र खबर गर्न कठिन भएको उनको भनाई छ । अधिवक्ता गिरीले लगातारको वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्नुका साथै पहाडी क्षेत्रमा पहिरो जाने जोखिमसमेत बढेको छ । सडकमा जुनसुकै बेला पहिरो खस्न वा बाढी आउन सक्ने बताउँदै अत्यावश्यकबाहेक जोखिमयुक्त सडकखण्डमा यात्रा नगर्न र यात्रा गर्नैपर्ने अवस्था भए सम्बन्धित सडकको पछिल्लो अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न सम्पुर्ण नेपालीलाई आवहान गरेका छन् ।




# हिमालयबाट निरन्तर चेतावनी आइरहेका छन्



डा. केदार कार्की,



जब-जब पहाडी क्षेत्रहरूमा प्रकृतिको प्रकोप फैलिएको हुन्छ, इतिहासले साक्षी दिन्छ कि मानिसहरूसँग उम्कने समय हुदैन । हिजो, नेपालको भोटेकोशी नदीमा अचानक आएको बाढीले यस क्षेत्रमा ठूलो विनाश निम्त्यायो । कुनै पूर्व चेतावनी वा भारी वर्षा बिना, नदीको बहावले बस्तीहरूलाई डुबायो । वैज्ञानिक शब्दावलीमा, यस्ता घटनाहरूलाई हिमनदी ताल फुट्ने बाढी वा ग्लोफ (जीएलओएफ) भनिन्छ । सरल भाषामा भन्नुपर्दा, हिमनदी आफैं बेलुन जस्तै फुट्दैन; बरू, पग्लने हिमनदीले बरफ, हिलो र चट्टानहरूले घेरिएको अस्थायी प्राकृतिक ताल सिर्जना गर्दछ । विश्वव्यापी तापक्रम वृद्धिको कारणले गर्दा हिमनदीहरू द्रुत गतिमा पग्लँदा, यी तालहरूमा पानीको भारले आफ्नो सीमा नाघ्छ । जब भूकम्प आउँछ वा भारी हिउँ तिनीहरूमा पस्छ, यो अस्थायी बाँध भत्किन्छ । फुट्छ, बिपत्ति आउँछ ।

यो त्रासदीलाई शताब्दीको सबैभन्दा ठूलो र सबैभन्दा विनाशकारी विपत्ति मानिएको छ । पानीको बल यति तीव्र थियो कि यसले ठूला पर्वत शृङ्खलाहरू, पुलहरू, घरहरू र पूर्वाधारहरू सजिलै बगाइदियो । वैज्ञानिकहरू विश्वास गर्छन् कि विश्वव्यापी तापक्रम वृद्धि र हिमालयी हिमनदीहरूको अस्थिरता यस घटनाको प्रमुख कारक हो । पहिले हिमपात भएको उच्च हिमालयी क्षेत्रहरूमा वर्षा सुरू भएको छ । लगभग ४,००० मिटरसम्म वर्षा र हिमनदीहरूको द्रुत गतिमा पछाडि हट्ने क्रममा हिमनदीसँग सम्बन्धित खतराहरू बढिरहेका छन् ।

यो सम्पूर्ण हिमालय क्षेत्र पहिले नै यसको संवेदनशील भौगोलिक संरचनाको लागि परिचित छ । वैज्ञानिकहरू भन्छन् कि यस उपत्यकामा विनाशकारी प्रकोपहरूको लामो इतिहास छ । एक वर्ष अघि, २०२५ मा, यही उपत्यकामा हिमनदी ताल फुटेर ठूलो बाढी आयो । त्यसभन्दा पहिले, २०२४ मा, यस क्षेत्रको अर्को भागमा बरफ र चट्टानहरूको ठूलो हिमपहिरो रेकर्ड गरिएको थियो । २०१५ को विनाशकारी भूकम्पले

लाङटाङ क्षेत्रमा ठूलो पहिरो पनि निम्त्यायो, जसले यो क्षेत्र भौगोलिक रूपमा अत्यन्तै कमजोर छ भन्ने स्पष्ट रूपमा देखाउँछ । हिन्दुकुश हिमालय क्षेत्रमा तापक्रम विश्वव्यापी औसतभन्दा धेरै छिटो बढिरहेको छ । ध्रुवीय क्षेत्रहरू बाहिर पृथ्वीमा सबैभन्दा धेरै हिउँ र हिमनदीहरू यस हिमालय श्रृंखलामा छन् । यहाँ रहेका ६३,००० भन्दा बढी हिमनदीहरूले एसियाका १० प्रमुख नदी प्रणालीहरूलाई खुवाउँछन्, जसमा अरबौं मानिसहरूको जीविकोपार्जन निर्भर छ ।

यद्यपि, समुद्र सतहबाट ४,५०० देखि ६,००० मिटरको बीचमा अवस्थित हिमनदी क्षेत्रको ७८% भाग बढ्दो तापक्रमबाट प्रत्यक्ष रूपमा प्रभावित छ । वैज्ञानिकहरूले स्पष्ट रूपमा भनेका छन् कि यस्ता घटनाहरू अब अपवाद छैनन्, तर नयाँ सामान्य बन्दैछन् ।

संयुक्त राष्ट्र संघ र जलवायु एजेन्सीहरूको प्रतिवेदन अनुसार, २००० देखि २०१९ सम्ममा विश्वव्यापी हिमनदीहरूले वार्षिक २६७ गिगाटन बरफ घटाए, जुन गिजाका ४६,५०० ग्रेट पिरामिडहरूको संयुक्त तौल बराबर हो । विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसमा सीमित भए पनि, शताब्दीको अन्त्यसम्ममा विश्वका आधा हिमनदीहरू गायब हुनेछन् । वर्तमान विश्वव्यापी नीतिहरूले औद्योगिक युगभन्दा माथि विश्वव्यापी तापक्रम २.८ डिग्री सेल्सियसमा वृद्धि गरिरहेको छ, जसले २००० देखि हिमालयी हिमनदीहरू पग्लने दर दोब्बर बनाएको छ ।

हिमनदीहरू पछि हट्दै जाँदा, शताब्दीयौंदेखि बरफले अड्किएका चट्टानहरू अब खुला वायुमण्डल, वर्षा र प्रत्यक्ष तापक्रमको सम्पर्कमा आइरहेका छन् । यसले पहाडहरूको प्राकृतिक समर्थनलाई कमजोर बनाउँदैछ । यसबाहेक, जमेको जमिन, पर्माफ्रस्ट पग्लिँदा भिरालोको शक्तिमा कमी आइरहेको छ । यस अवस्थामा, सानो हिमपहिरो वा पहिरोले पनि विपत्तिहरूको श्रृंखला निम्त्याउन सक्छ - पहिले पहिरो, त्यसपछि नदी अवरूद्ध, र अन्तमा विनाशकारी बाढी ।

वैज्ञानिकहरूका अनुसार नेपालको यो विपत्तिको सबैभन्दा डरलाग्दो पक्ष यसको अप्रत्याशित गति थियो । माथिल्लो जलग्रहण क्षेत्रमा रहेको हिमनदीको ठूलो भाग फुट्यो, जसले गर्दा नदीको सतह केवल ३० मिनेटमा ९ मिटरले बढ्यो । पानीको यो अचानक आएको वृद्धिले तल्लो क्षेत्रका मानिसहरूलाई भाग्ने वा निको हुने मौका दिएन । प्रत्यक्षदर्शी र अनुसन्धानताहरूले पानीको विशाल छाल यति शक्तिशाली भएको बताएका छन् कि यसको बाटोमा कुनै चीज तासको घर जस्तै ढल्यो ।

प्रारम्भिक वैज्ञानिक प्रमाणहरूले संकेत गर्दछ कि भोटेकोशीको सहायक नदी लेन्डे खोलामा बरफ, भग्नावशेष र चट्टानहरूको विशाल समूह खसेको थियो । यो पहाडी भग्नावशेषले नदीको प्राकृतिक प्रवाहलाई अवरूद्ध गऱ्यो, अस्थायी रूपमा कृत्रिम ताल वा बाँध सिर्जना गऱ्यो । जब पानीको चाप चरम सीमामा पुग्यो, अवरोध भत्कियो । हिलो, चट्टान र पानीको यो विशाल बाढी, तीव्र गतिमा बग्दै अन्ततः एक विनाशकारी प्रलयमा परिणत भयो ।

हामी हिमालयप्रति गम्भीर छैनौं भन्ने कुरा स्पष्ट छ । र यो हालसालैको घटना होइन; हिमालयमा विगत दुई दशकदेखि निरन्तर भइरहेका घटनाहरूले यही कुरालाई औंल्याउँछन् । सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने यी घटनाहरूको लागि हिमालय र यसका मानिसहरूलाई दोष दिन सकिँदैन । अरू कसैलाई दोष दिनुपर्छ; स्थानीय बासिन्दाहरू अरू कसैको अपराधको शिकार मात्र भएका छन् । नेपालमा भएको भयानक त्रासदीपछि, हिमालयभरि फेरि एकपटक डर फैलिएको छ । अघिल्ला घटनाहरू चेतावनी बिना नै आएका थिए । नेपालको भोटेकोशीदेखि बिहारको कोशी नदीसम्म बाढीका दृश्यहरू देखा परेका छन् । नेपालको त्रासदीलाई भूकम्पसँग पनि जोडिएको छ, तर हिमशिलाहरू भूकम्पबाट त्यति प्रभावित छैनन् ।

बढ्दो तापक्रमले तिनीहरूलाई कमजोर बनाएको हुन सक्छ, जसले गर्दा यो विपत्ति निम्त्याएको छ ।

हामीले निश्चित रूपमा एउटा प्रणाली लागू गरेका छौं जसले हिमालय र तिनीहरूको सिमानासँग जोडिएका सबै क्षेत्रहरूप्रति संवेदनशीलताका साथ तिनीहरूलाई राज्य र देशहरूमा पुनर्गठन गरेको छ । यसको पछाडिको मुख्य कारण आर्थिक र सामाजिक पक्षहरूमा जोड दिइएको थियो, तर यसको पारिस्थितिक पक्ष कहिल्यै बुझिएन ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, यसको पारिस्थितिकी बुझ्नु यसको संवेदनशीलतामा मात्र सीमित छैन । हामी विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तन जस्ता

विश्वव्यापी परिवर्तनहरूको हिमालयमा पर्ने प्रभाव बुझ्न असफल भएका छौं । विश्वव्यापी रूपमा कार्बन उत्सर्जनको कारण जेसुकै होस्–चाहे त्यो हाम्रो जीवनशैली होस्, विलासिता होस्, वा विकासको लागि रोडम्याप होस्–विगत २०० वर्षमा कार्बन उत्सर्जनले विश्वव्यापी तापक्रम वृद्धि जस्ता गम्भीर समस्याहरू निम्त्याएको छ ।

यो परिवर्तनले विकसित समुदायहरूलाई त्यति असर नगरेको हुन सक्छ जति हिमालयले भोगेको असमानताले गर्दा भएको हो ।

यो स्पष्ट छ कि हिमालय एक अत्यन्तै संवेदनशील क्षेत्र हो । तिनीहरूको पारिस्थितिकी अविश्वसनीय रूपमा कमजोर छ । यसमा थोरै मात्र बाधाले पनि गम्भीर परिणामहरू निम्त्याउँछ, र यो बुझाइ सायद हाम्रा नीतिहरूमा प्रतिबिम्बित भएको छैन । नेपालभन्दा पहिले केदारनाथ, सिक्किम र धरालीमा यस्तै त्रासदीहरू भएका थिए । नेपालमा हिमनदी फुट्नुलाई प्राथमिक कारणको रूपमा उल्लेख गरिएको छ, जसले सम्पूर्ण क्षेत्रलाई विनाश गर्यो । जोडिएका असंख्य नदीहरू बगे, तिनीहरूसँग जोडिएका गाउँहरू र शहरहरू विनाश गरे । यस्ता त्रासदीहरूमा, पानीसँगै भारी भग्नावशेष आउँछ, जसले घरहरू मात्र नष्ट गर्दैन तर मानिसहरूलाई बगाउँछ वा पुर्छ । राहत र उद्धार कार्यमा धेरै समय लाग्छ ।

नेपालमा धेरै बाँधहरू पनि प्रभावित भएका छन्, र बाटोमा रहेका सबै पूर्वाधारहरू नष्ट भएका छन् । यस क्षेत्रका सडक र पुलहरू हराएका छन् । यस प्रकोपको पूर्ण विवरण भयानक हुनेछ ।

वैज्ञानिक दृष्टिकोणबाट एउटा कुरा बुझ्नुपर्छ: कार्बन उत्सर्जनलाई सन्तुलनमा ल्याउन हजारौं वर्ष लाग्छ । यसको प्रत्यक्ष अर्थ यो हो कि यी उत्सर्जनहरू अब हाम्रो लागि गम्भीर संकट बनेका छन् । यसैकारण तापक्रम पूर्णतया हाम्रो नियन्त्रण बाहिर छ, र यसले महासागरहरूलाई प्रत्यक्ष असर गरिरहेको छ ।

महासागरहरू हाम्रो ग्रहको मौसम र पारिस्थितिकीको मुख्य नियन्त्रक हुन् । तिनीहरूमा हुने कुनै पनि परिवर्तनले सम्पूर्ण ग्रहलाई असर गर्छ । फलस्वरूप, हामीले मनसुनको प्राकृतिक चक्र गुमाएका छौं । अचानक भारी वर्षा ( बादल फुट्ने) कहिले र कहाँ हुनेछ भनेर भविष्यवाणी गर्ने कुनै तरिका छैन । मौसम विभाग पनि प्रायः अचम्ममा पर्छ, किनकि सम्पूर्ण सन्तुलन बिग्रिएको छ ।

यस्तो अवस्थामा, यो त्रासदीलाई केही हजार मानिसहरूको क्षतिको रूपमा मात्र हेर्नु हुँदैन, बरू भविष्यमा लाखौं मानिसहरूको लागि ठूलो संकटको चेतावनीको रूपमा हेर्नुपर्छ । यो सबै भएको हो किनभने संसारको एक ठूलो भाग यसको विकास र सुविधाहरूमा व्यस्त छ, जबकि कमजोर पारिस्थितिक प्रणालीका मानिसहरू यसको मार खेपिरहेका छन् । जबसम्म हामी यो तितो सत्य बुझ्दैनौं, तबसम्म हामी हिमालयलाई न्याय गर्न सक्षम हुनेछैनौं । नेपालको त्रासदी र यसभन्दा अघिका घटनाहरूले हामीलाई यो पाठ सिकाउँछन् ।

हिमालय एक अत्यन्तै संवेदनशील क्षेत्र हो । यसको पारिस्थितिकी धेरै नाजुक छ । यसमा थोरै मात्र बाधा पुऱ्याउँदा पनि गम्भीर परिणामहरू हुन्छन्, र यो बुझाइ हाम्रा नीतिहरूमा प्रतिबिम्बित भएको छैन । केदारनाथ, सिक्किम र धरालीमा पहिले पनि यस्तै त्रासदीहरू भएका छन् । नेपालको कुल जलविद्युत उत्पादनको लगभग १०% यस विपद् प्रभावित उपत्यकामा अवस्थित थियो, जसले उल्लेखनीय क्षति भोगेको छ । प्रत्येक वर्ष लाखौं पर्यटक हिमालयमा ओइरिन्छन्, तर पूर्वाधार निर्माणको क्रममा प्रारम्भिक चेतावनी प्रणालीको गम्भीर अभाव छ । यति विशाल र दुर्गम क्षेत्रको निरन्तर उपग्रह अनुगमन अत्यन्तै गाह्रो छ । वैज्ञानिकहरूले चेतावनी दिएका छन् कि यस्ता बहु-स्तरीय प्रकोपहरूमा, मानिसहरूलाई सुरक्षित स्थानमा भाग्न घण्टा होइन, मिनेट मात्र हुन्छ । धेरै क्षेत्रहरू अब मानव बसोबासको लागि पूर्ण रूपमा असुरक्षित छन् ।



# राजाको पुस्तकको राष्ट्रपतिद्वारा अनुवाद




सन् १९४८ मार्च १४ मा जन्मेको इजरायललाई मान्यता दिने एसियाको पहिलो मुलुक नेपाल थियो । नेपाल र इजरायल बीच सन् १९६० जुन १ मा द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भयो । इजरायलले नेपालमा सन् १९६१ मार्चमा दूतावास स्थापना गरेको थियो । नेपालले भने सन् १९९३ मा महावाणिज्य दूतावास र सन् २००७ अगस्ट १३ मा इजरायलमा दूतावास खोल्यो । नेपालका लागि दोस्रोपल्ट राजदूत बनेका थिए- गोडर उनी भन्छन्- इजरायलले नेपालसँगको दुई पक्षीय सुमधुर सम्बन्धलाई कहिले बिर्सने छैन ।

इजरायलले नेपाललाई घरेलु कामदार, नर्स, कृषि क्षेत्रमा अध्ययन, सेनाको प्यारा फोर्स (हवाई जहाजबाट हामफाल्ने) का क्षेत्रमा मात्र होइन कोभिड र भूकम्पमा समेत सहयोग गरेको छ ।

अचम्म त के छ भने इजरायलका तत्कालीन राष्ट्रपति जलमन साजरले राजा महेन्द्रद्वारा लिखित 'उसैका लागि' किताब हिब्रु भाषामा अनुवाद गरेर छापेका थिए । एक मुलुकको राष्ट्र प्रमुखले लेखेको पुस्तक अर्को मुलुकको राष्ट्राध्यक्षले अनुवाद गरेर प्रकाशन गरेको अर्को उदाहरण विश्वमा छैन ।

# एकताको धागो छिने हुन्छौं भताभुङ्ग




हिमाल पहाड तराई नेपाली जीवन अंग
एकता नै नेपाली प्राण अमृत रस-रंग
गाँसेका छौं अन्न जसले यही भूमिमा
छापेका छौं अटल हिमाल यही छातीमा
हाँसो खुसी नेपालीको नेपाल आमा मूल्
बगचामा रंगीचंगी विविधा नेपाली फूल्
यहाँकै उब्जाउ माटो छानेका फैली बाटो
यहाँ नै फाटो ल्याउने कुरेका बैरी बाठो
हिमाल पहाड तराई नेपाली जीवन अंग
एकताको धागो छिने हुन्छौं भताभुङ्ग ।

विनाशको भेल आउँदा धरतीभित्रै चिहान भएँ
भाग्ने ठाउँ खोज्दा खोज्दै माटोसितै विलीन भएँ ।

घरबारी बाढी घुस्ता पानीसँगै बग्नुपर्‍यो
विपत्तीले आकाश ढाक्ता ढुङ्गोसितै लड्नुपर्‍यो ।

कस्तो रूढी आइदियो उजाड भयो ठाउँठाउँ
मान्छेहरू कसोगरी बस्छन् फेरि घर गाउँ ?

ईश्वरले आफ्नो सृष्टि आफ्नै हातले किन नासे
आँधी बेरी हुरी बनी आफ्नै संसार किन मासे ?



नरेन्द्र राज प्रसाई

# भोटेकोसी आज विकराल बनेर खस्यो



जमिन ओछ्याई आकाश ओढ्नेलाई सोध
भारी मन, आँशु पोख्दै देश छोड्नेलाई सोध
जिउदै पटक पटक अभावमा मर्नुको पिडा
चर्को घाममा बगरका ढुंगा फोड्नेलाई सोध ।

**- गंगा दहाल**



नदी उर्लिदा गाउँ-बस्तीसँगै स्वरहरू पनि डुबे,
किनाराका कति सपना, आफन्तका घरहरू डुबे
देखिने घाउमा समयले मलम लगाउला कुनै दिन,
नदेखिने चोटले मुटुका तारहरू नै चुँडिए ।

**- अर्जुन अधिकारी**



सानो नठान काटी क्षति ठुलो हुन सक्छ
सानै कुराले पनि कसैको मन रून सक्छ
आफ्नै भन्नेले पनि कहिले घोका देला जान्नु
मिठो वचनले उसको हृदयसम्म छुन सक्छ ।

**- चन्द्रकला आचार्य**



अस्तिसम्म जो हिमताल बनेर बस्यो
फुट्यो हिजो बस्तीमा काल बनेर पस्यो
कुनै पनि बेला फुट्नसक्ने त्रासदीसँगै
भोटेकोसी आज विकराल बनेर खस्यो ।

**- उत्तम विचार**



मुटुमा अंकित स्मृतिले सकारेको छु उनीलाई
कल्पि रहँदा यो हृदयमा उतारेको छु उनीलाई
ए हजुर ! उनको नाम अधरमा बसेछ यसरी
कि सुते पनि सपनीमा पुकारेको छु उनीलाई ।

**- कृष्ण ब.थापा**



तिमी पनि मेरै यादमा टोलाउँछौ जस्तो लाग्छ
मेरै नाममा प्रीतिको गीत गाउँछौ जस्तो लाग्छ
यो सहरको भीडमा तिमीलाई नै खोज्छन् आँखा
वर्षात्मा बर्सिंदै बर्सिंदै आउँछौ जस्तो लाग्छ ।

**- रिना बम**


# रहस्य गहिरो छ



*अरूणबहादुर खत्री*

नेपाली साहित्यमा मुक्तक लेखन परम्परा पुरानै भए पनि कलम चलाउनेहरूको संख्या चाहिँ ज्यादै कम देखिन्छ । मुक्तकका सङ्ग्रह प्रकाशित गर्ने साहित्यकारहरू औंलामा गन्नुपर्ने अवस्था छ र यसैभित्र मुक्तककार विजयध्वज थापा पनि पर्दछन् । विजयध्वज थापाको रहस्य गहिरो छ नामक मुक्तक सङ्ग्रह २०७९ सालमा चौधौ कृतिको रूपमा प्रकाशित भएको छ । यसभित्र १९५ वटा मुक्तकहरू राखिएका छन् । विजयध्वज मूलत: कविता, गीत र नियात्रा विधामा कलम चलाउने सिर्जनाकार हुन् । यसभन्दा अगाडि उनका यिनै विधामा तेह्रवटा कृति निस्किसकेका छन् । मुक्तक विधामा भने उनको यो तेस्रो कृति हो । उनी निरन्तर सिर्जना र साहित्य कर्ममा समर्पित स्वप्तद्रष्टा, सकृय स्रष्टा पनि हुन् ।

*निर्झर निर्झर त्यो झरना कस्तो*
*बर्सेको मोतीको दाना टल्के जस्तो*
*धेरै अमूल्य छ पानी जीवनमा*
*छ यहाँ दु:खीको आँसु बरू सस्तो*




कवितालाई निचोरेपछि मात्र मुक्तकको जन्म हुन्छ । आफूले भन्न खोजेको कुरालाई चार हरफमै लेख्नु पर्ने हुंदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतिपूर्ण त हुन्छ नै । त्यसो त एउटा सानो मुक्तकभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ । जीवन र जगत्संग सम्बन्ध गाँसिएका मुक्तक रचनाहरू सङ्ग्रहित यस कृतिले मुक्तक लेखनका क्षेत्रमा थप योगदान गरेको त छ नै । कविताको सबैभन्दा लघुतम रूपलाई मुक्तक काव्यको रूपमा चिन्ने गरिन्छ । हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै मुक्तक काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित पक्षलाई समेटेका सिर्जना हुन्छन् । सिर्जनामा बिम्बको राम्रोसँग प्रयोग गरेका छन् । विषयवस्तु प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । जसका कारण मुक्तक पठनीय हुनमा थपेको छ तर कतिपय मुक्तकहरू सायरी शैलीमा सिर्जिएकाले केही लामा र कण्ठमा पार्न कठिन हुनेखालका पनि देखिन्छन् ।

*म पनि भनौं मेरो देश कस्तो छ ?*
*म पनि भनौं तिम्रो भेष कस्तो छ ?*
*देश बेचेर भेष बनाउने हो*
*अख्तियारमा तिम्रो केस कस्तो छ ?*

नेपाली मुक्तकको प्रमुख प्रवृत्ति प्रणय अनुभूति पनि हो। मुक्तककार विजयध्वज प्रणय अभिव्यक्तिका कुशल शिल्पीका रूपमा दरिएका छन्। विजयध्वजले आफूले भोग्दै आएको र आफूमा भएको पीडा, देशले भोगेको अव्यवावहारिक समस्या, समाजको चित्रण आदिको बारेमा व्याख्या गर्दै गहकिला मुक्तक लेखेका छन्। धेरैले बोल्न नसकेका र नपाएका कुरा उनका मुक्तकले बोलेका छन्। यस कृतिभित्रका मुक्तकहय्मा भ्रष्टाचारका प्रसंग अति धेरै छन्। वास्तवमा हाम्रो मुलुकमा भ्रष्टाचारले तलदेखि माथिसम्म व्यापक य्पमा हाँगा फैलाएको छ भन्ने कुरालाई यी मुक्तकले संकेत गरेका छन्।

*भ्रष्टाचारीलाई भ्रष्टाचार नगर भनेर हुँदैन*
*जनताको पीडाले उनीहरूको मन कतै छुदैन*
*उनीहरूको दाउ नै जसरी पनि कमाउने हुन्छ*
*जति नै बिन्ती गरे पनि उनीहरूको मन रूदैन।*

आफ्नो देशको नेताको कस्तो नराम्रो मति देश, संस्कृति, भेषभुषा सबै भयो खती उनको मुक्तकमा लेखिएको छ । समग्रमा भन्दा मुक्तककार विजयध्वज मुक्तक लेखनमा सफल व्यक्तिका रूपमा गनिन्छन् । नीतिका कुरा दिन, सुन्दर समाज निर्माण गर्न, समाजलाई राम्रो बाटो देखाएर भावी पुस्तालाई मार्गदर्शन गर्न उनी खप्पिस छन् । यस सङ्ग्रहमा अनेकौ अनुभूतिका प्रसङ्ग भेटिन्छन् । मुक्तककारका मनमा लागेका विविध कुराहरू छन् यी मुक्तकमा । मुक्तककारले जे देखेका छन्, सुनेका छन्, भोगेका छन् र अनुभूत गरेका छन् ती मध्ये धेरै कुरा मुक्तकमा रूपायित भएर यस सङ्ग्रहमा आएका छन् । झट्ट सुन्दा समान्य हाँसोजस्तो लागे पनि यसभित्र प्रत्येक इमानदार व्यक्तिको यथार्थ अवस्थाको चित्र लुकेको छ । यसरी नै असलहरू सधैं किनारा लाग्ने खेल सदियौंदेखि समाजमा चलिआएको छ र त यदाकदा उनका मुक्तकमा विद्रोहको आक्रोश पनि उठेको छ । त्यागको भाव नहुनेहरू चरम भोगी हुन्छन् जो त्याग गर्न सक्दैनन् भने मनका रोगी हुन्छन्, मुक्तकमा लेखिएको छ ।

*केही नै बाँकी राख्दैन हुरीले उडाउन*
*बाढीले छोड्दैन चट्टानहरू गुडाउन*
*आ-आफ्नो स्थानमा सबैले नै अड्नुपर्दछ*
*ईर्ष्याले छोड्दैन मान्छेको मन चुडाउन ।*

उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन् । रहस्य गहिरो छ नामक यस मुक्तक सङ्ग्रहभित्रका भावभङ्गी र अस्तित्व सबै लालित्यले भरिपूर्ण पारेका छन् विजयध्वजले । आफ्नो सुकोमल मुक्तकमा मुक्तककार विजयध्वजको मीठो र गहकिलो मुक्तक यात्रा आगामी दिनमा सबल र सफल बन्नेनै छ । सानो आकारको पुस्तकमा धेरै कुरा अटाइएको उनको यो मुक्तकसङ्ग्रह समसामयिक नेपालको शब्दचित्र नै बन्न पुगेको छ । सबै क्षेत्रमा सुधार र समृद्धिको चाहना राखिएको यो कृति देशको मौलिक स्वरूप हो । उनका मुक्तकभित्र उठाइएका प्रश्नहरू सबै देशप्रेमी नागरिकका प्रश्न हुन् । सारमा भन्दा जीवनका यथार्थहरू जे जस्ता छन्, त्यस्तैमा प्रकट गर्दाको मौलिक स्वरूप उनका मुक्तकहरूको मुख्य विशेषता हो । भावी साहित्यिक लेखनमा मुक्तककार विजयध्वजलाई सफलताको कामना गर्दछु । आगामी दिनमा उनका अन्य कृतिहरू हामीले पढ्न पाउने ठूलो आशामा बाधिएको छु ।

कृति: रहस्य गहिरो छ — विधा: मुक्तकसङ्ग्रह
मुक्तककार: विजयध्वज थापा — प्रकाशक: कमला थापा, बालुवाटार, काठमाडौं


**त्यो राहदानी जलाईदे भन्छन् मेरा बा**
**त्यो जवानी मलाईदे भन्छन् मेरा बा ।**

**जति सकछस् स्वदेशमै कमाय खुशी छु**
**यही पाखुरा चलाईदे भन्छन् मेरा बा ।**

**खेत बारी छ मेहनत गर भन्छन् मेरा बा ।**
**त्यहाँ जे फल्छ फलाईदे भन्छन् मेरा बा ।**

**१८ घन्टा आफ्नै देशमा खटेर हेर त अनी**
**विदेशीको बाटो ढलाईदे भन्छन् मेरा बा ।**

**बुढेसकालमा साहारा बन्लास् र कान्छा**
**भो भिषा अव नलाईदे भन्छन् मेरा बा ।**



**सुन्दर दोलखाली**




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# बाढीले ल्याएको बिपत्ति

भोटेकोशी बाढीले जुन विपत्ति ल्याएको छ, यो विपत्तिले विश्वलाई नै झस्काएको छ । नेपालमा देखिएको मानवीय क्षतिको बिकराल समस्या देखेर विश्वले नै नेपालप्रति सहानुभूति देखाएका छन् । नेपाललाई के कसरी सहयोग गर्न सकिन्छ भनेर सोधिरहेका छन् । नुवाकोट, धादिङ, गोरखा, चितवनसम्म प्राकृतिक प्रकोपले बितण्डा मच्चाएको छ ।

जनताका लागि सरकार छ भनेर सरकारले देखाएको सकृयता, सरकारले परिचालन गरेको सेना, प्रहरी, सशस्त्र र पार्टीहरूले परिचालन गरेका युवाशक्तिले राहत, उद्धार तथा खोजी कार्य भइरहेका छन् । संसद, सडक र सामाजिक सञ्जालमा देखिएको सरकारविरोधी प्रतिपक्षीको आरोप, प्रत्यारोप रोकिएका छन् र सबै राष्ट्रिय संकटसँग जुध्न सरकारका साथमा उभिन पुगेका छन् । सबैले यो विपद्को समयमा राजनीतिक दलहरूले आफ्ना संयन्त्रलाई नागरिक बचाउन प्रयोग गर्नुपर्ने, राहत सामग्री जुटाउनुपर्ने र स्वयंसेवक परिचालन गर्नुपर्नेमा जोड दिइरहेका छन् । यो समय सबैले सरकारसँग उभिएर राष्ट्रिय विपदसँग जुध्नुपर्ने कर्तव्यवोध गरेका छन् ।

तत्कालको उद्धार, राहत, त्यसपछि पुनर्निर्माण र जनजीवनलाई लयमा फर्काउने जटिल समस्या रहेको छ । यसका साथै यस्ता प्राकृतिक विपद्बाट हुनसक्ने जोखिम कसरी घटाउन सकिन्छ, दीर्घकालीन रूपमा पूर्व सूचना प्रणाली स्थापित गर्नुपर्ने आवश्यकता पनि छ । हजारौंको ज्यान गएको छ, घर, बजार सबै बगर बनेका छन्, अंगभंग भएका कति छन् कति, यो शोकलाई शक्तिमा बदल्नका लागि सरकारले सबैको साथ र सहयोग लिनुपर्छ, सबैले मानवीय कर्तव्य पूरागर्न सरकारको साथ दिनुपर्ने छ ।

भूकम्पले देशै अस्तव्यस्त भयो, कोरोनाले महामारी नै ल्यायो, वर्षेनी हुने बाढी पहिरोको समस्यासँग जुध्दै जुध्दै शान्ति, विकास, सुशासनका साथ अगाडि बढ्न खोजेको देश फेरि भोटेकोशी बाढीले भुइँको भुइँमै थचारिदिएकोछ । प्राकृतिक विपद् जुनसुकै बेला आउनसक्छ, जलवायु परिवर्तनमा ध्यान दिन नसक्दा पनि बढी क्षति हुनपुगेको छ ।

देशले ठूलो क्षति बेहोरेको छ । उद्धार र खोजी, राहत र साधनस्रोत जुटाउने प्रयास भइरहेको छ । अहिले नै कहालीलाग्दो परिस्थिति छ, अन्तिम विवरण आउँदासम्म झन कहालीलाग्ने परिदृश्य देखिन सक्छ । बाढीको कहरले देश पीडामा छ । मानिस पीडामा छन् । विपद्का दृश्यले मानिसलाई गिज्याइरहेको छ । मानिसका सपनाहरू बगर बनेका छन् । बगरलाई पुनः मानिस बस्ने गाउँ, बस्ती, सहर बनाउनु छ । बनाउने युवाले हो । एकदोस्रालाई खुइल्याउने राजनीतिको अन्त गरेर कम्तिमा १० वर्ष सबै राजनीतिक र प्रशासनिक शक्तिले काम गर्ने हो भने आज मृतजस्तो देखिएको परिस्थितिलाई बदल्न सकिन्छ, नेपाली समाजलाई जिवन्त बनाउन सकिन्छ ।

अहिले आँसु छ, छटपटी छ । यो आँसुलाई शक्ति र छटपटीलाई शान्तिमा रूपान्तरण गर्न राष्ट्रिय एकता जरूरी छ । एकता देखिएको छ, यही एकताले यो कहरलाई झेल्न र पुनर्निर्माण गर्न सकिन्छ भन्ने विश्वास नागरिक समाजमा हुनुपर्छ । हरेक पार्टीका कार्यकर्ता सञ्जाललाई सरकारलाई साथ दिएर नागरिक बचाउन, उठाउन, नागरिक जीवनलाई जिवन्त पार्न लागिपर्ने हो भने अहिलेको विपद्सँग जुध्न धेरै हदसम्म सहज हुनेछ । मुख्य सवाल राहतमा पारदर्शिताको छ । भ्रष्टाचारविरोधी सरकारले प्राप्त सहयोग र रज्यकोषको दुरूपयोग गर्न दिनेछैन भन्ने विश्वास मजबुत हुनुपर्छ ।

# नेपालमा विपद्, विश्वसामु जलवायुको प्रश्न




हिमाली ताल फुट्यो, भोटेकोशीमा बाढी आयो र यो बाढीले रसुवा, नुवाकोट, गोरखा र चितवनको जनजीवनलाई ध्वस्तनष्ट पारिदियो । यो बाढीको ताण्डवलाई विश्वले देख्यो, जलवायु परिवर्तनको जोखिम कुन हदसम्मको हुनेरहेछ, यस क्षेत्रका ज्ञाता, संस्थाहरूलाई झसङ्ग झस्काएर गएको छ ।

नेपालका ४ जिल्लाको जनजीवनलाई अधमरो पारिदियो, तर यो बाढीले विश्वसामु प्रश्न उठाइदिएको छ- जलवायु परिवर्तनको प्रभावबारे अनुसन्धान बाँकी नै छ । नेपालले जलवायु परिवर्तनको ठूलै मूल्य चुकाएको छ । धेरै जनधनको क्षति बेहोरेर नेपालले चुकाएको यो मूल्यबारे जलवायु न्यायकर्तासँग न्यायको माग गरिरहेको छ ।

नेपालको यो प्राकृतिक विपद विश्वकै लागि ताजा र गम्भीर शिक्षा पनि हो । प्रविधिको प्रयोग जरूरी छ, वनको संरक्षण र कार्वनश्रेयको न्यायपूर्ण वितरणमार्फत हिमालयको गरिमा, महिमा र जोखिमसँग सहअस्तित्व मानव जीवनमा कति महत्वपूर्ण रहेछ भन्ने सन्देश पनि दिएको छ । यो चेतावनी अनदेखा गरियो भने अहिले नेपालले जे जस्तो महाविपद् बेहोरेको छ, त्यस्तो विपद् अन्यले पनि भोग्नुपर्नेछ ।

भोटेकोशी बाढीले नेपालका चार जिल्ला अथवा नेपाली जनजीवनलाई मात्र हल्लाएको छैन, नेपाली मनमा मात्र भूकम्प गएको छैन, नेपाली जीवनमा मात्र शोक र भोक बढाएको छैन, मानवीय संवेदनलाई नै रूवाएको छ । नेपालका चार जिल्लाका गाउँ, सहर, मानिस, संरचना, साधनमस्रोतमात्र बगाएन, आँसु र पीडासँगै आधुनिक विश्वको चिन्तन, प्रगतिको सोचलाई पनि बगाएको छ । प्राकृतिक विपद् कति भयानक हुन्छ भन्ने दृश्य पनि हो, भोटेकोशीको बाढी, जसले विश्वशक्तिहरू सबैलाई जलवायु विषयमा सोच्न बाध्य पारेको छ ।





हिमाली ताल फुट्यो, रसुवाको भोटेकोशीमा मिसियो, त्रिशूलीमा मिसियो र प्रलयङ्कारी रूपमा बाढी सुसायो, गड्गडायो । जसरी दावानलले जे भेट्यो, सबै खरानी बनाउने गर्छ, त्यसैगरी यो बाढीले जे भेट्यो सबैलाई साहोरेर बगायो, माटो-बालुवामा मिसायो, पानीसँगै बगायो । मान्छे बगे, मरे । बाँचेका मान्छेको सपना बगायो । जिउने आधार बगायो । गाउँ सहर बजारका संरचना भत्कायो, बगायो । केही बाँकी राखेन, प्रकृतिको यो ताण्डव दृश्य सम्झदैमा कहालीलाग्दो देखिन्छ ।

बाढीपहिरोका कारण मान्छेमात्र होइन, पहाड र देशका पूर्वाधार पनि घाइते भए । यो विपद्ले धेरै कुरा समाप्त पारिदियो, धेरै विषयमा सोच्न बाध्य पारिदिएको छ । यो विपद्को कारण प्राकृतिक मात्र हो कि मानवीय असावधानी पनि हो ? हामीले प्रकृतिसँग खेलबाड गऱ्यौं, सन्तुलन बिगाऱ्यौं, जसले बिनाशकारी परिणाम भोग्न अभिशप्त बनेका हौं । धेरैपल्ट यस्ता विपत्ति झेलेका छौं, हामी सचेत भएनौं र यो महाविपद् भोग्न बाध्य भएका हौं । वातावरणीय संवेदनशीलता जरूरी देखियो ।

पृथ्वीको तापक्रम बढेको छ । बेमौसी वर्षा, फूल फुल्ने, फल लाग्ने भइरहेको पनि देखेका छौं । सेतो हिमाल कालाम्मे हुँदैछ । हामीले प्रकृतिको बरदान भनेर प्रकृतिलाई लुटिरह्यौं, प्रकृतिलाई दिनैपर्ने सुरक्षा दिएनौं, असुरक्षित आफै बन्यौं । प्रकृतिबाट समृद्धि खोजिरह्यौं, प्रकृतिलाई दोहन गरिरह्यौं । वायु मण्डलको विषयमा सोचेनौं । यसैको दुस्प्रभाव हिमालदेखि समुद्रसम्म फैलियो । जलवायु परिवर्तनको असर भोग्ने मध्येमा नेपाल पनि छ । हाम्रा हिमालहरू जलवायु परिवर्तनका असरहरू बोकेर खडा छन् । नदी छन्, तिनको बहावमा असर देखिन्छ । नेपाल पहाडी मुलुक हो, भूक्षयको जोखिम दिनदिनै बढेको छ । हरियो बन नेपालको धन थियो, वन जोगाउन सकिएको छैन । अहिले बाढी आयो, पहिरो गयो, यो केवल केही जिल्लाको समस्या होइन, यो त विश्वकै लागि समेत खबरदारी पनि हो ।

नेपालले ठूलै खति बेहोरेको छ । यो खतीको आवाजलाई विश्वमञ्चसम्म पुऱ्याउनु पर्छ । नेपालले जलवायु परिवर्तनको जोखिमबाट के सम्म हुन्छ भनेर नेपालमा यतिखेर भइरहेको भूक्षय, बाढीपहिरोको कहरके दृश्य देखाएर विश्वको मानवीयताको स्तरलाई झक्झक्याउनु पर्छ । विश्वशक्तिहरूले कार्वन उत्सर्जन गरेर समृद्ध बने, नेपालजस्ता कमजोर मुलुकले त्यसको मूल्य चुकाउन बाध्यछन् । नेपालले हिमालको संरक्षण, जलवायु अनुकूलन, प्रविधि हस्तान्तरण, पाउनैपर्ने न्यायपूर्ण क्षतिपूर्तिका विषयमा समेत विश्वसामु आवाज उठाउनै पर्ने देखिन्छ ।

हिमाल पानी हो । पानी नेपाल र नेपालसीमापारका करोडौं मानिसको जीवन हो । त्यसैले हिमालको संरक्षण विश्वको दायित्व हो, मानवीय जिम्मेवारी हो । हिमाल जोगिनु भनेको मानवीयता जोगिनु हो । यो आवाज नेपालको आवाज हुनुपर्छ ।

बाढीले नेपालको विकासलाई टक्क रोकिदिएको छ । सडक, पुल, विद्युत, उद्योग, सञ्चार, गाउँ, सहर, बस्ती सबै बगाएर लगिदियो बाढीले । नेपालको विपद्मा विश्वले सहयोगी हात बढाएका छन् । ती हातहरूलाई नेपालको पूर्वाधार विकास र मानवीय मूल्य मान्यतामा रूपान्तरण गर्न सकियो भने केही आधार बन्नसक्छ । यद्यपि दानदातव्यले देश बन्दैन, देश बनाउन स्वाभिमानी र श्रमजीवी त बन्नैपर्छ ।

घर , सडक भत्किए, विकासका संरचना भत्किए, पुनःनिर्माण गनुपर्नेछ । पुननिर्माण गर्दा हामीले सोच्नैपर्छ, जोखिम होइन, जीवन निर्माण गरौं । जुन ठाउँ गाउँ जोखिममा छन्, स्थानान्तरण गरौं । सडक जोखिममा छन् भने विकल्प सोचौं । भूउपग्रहबाट प्राप्त चित्र, भौगोलिक सूचना प्रणाली, दूरसंवेदी प्रविधि, वर्षा मापन केन्द्र, माटोको चिस्यान मापन, जमिनको गति मापन, क्षिमेकी मुलुकसँग सूचना आदानप्रदान र पूर्वानुमान प्रणालीको उपयोग गरेर भविष्यका लागि यस्ता दुर्दिनलाई टार्न सक्छौं, मानवीय क्षति घटाउन सक्छौं । यसका लागि सरकार लागिपरेको छ, सरकारलाई सबैले सहयोग गरौं । यो शोकको घडीमा राजनीति नगरौं, देश बचाउन, बनाउन सकियो भने राजनीति जति गरे पनि हुन्छ ।

उद्धार, राहतपछ पुननिामर्णिमा लाग्नुपर्छ । पुननिर्माण गर्दा अहिलेको पीडाबाट सिकेर सोच्नुपर्छ । व्यवस्थित बस्ती, वनको सदुपयोग, हिमालको सम्मान, नदीको व्यवस्थापनलगायतका विषयमा सोचेर योजना बनाउनु पर्नेछ । ताकि आजको अकल्पनीय क्षतिले भोलिको सुरक्षित मार्ग देखाओस् ।

भोटेकोशीको बाढीले गरेको बिनासलीलाका दृश्यहरू विनाशकारी छन् । पानी, बरफ, माटो र ढुंगासँगै मान्छेको जीवन, सपना सबै बाढीको भेलमा हिमालयदेखि उपत्यकाहरूमा बग्यो । घर, सहर, सडक र पुलहरू बगाए । मानिस कहाल्लीएका थिए, तिनलाई प्रतिक्रिया दिने समय नै थिएन । फेरि एकपटक, पुस्तौंदेखि यी हिमालसँगै बस्ने मानिसहरू आफ्नो नियन्त्रणभन्दा बाहिरका प्राकृतिक शक्तिसँग जुधिरहेका छन् । प्रकृतिसँग समन्वय नगर्दा मानिसले भोग्ने यस्तै बिपत्ति रहेछ ।

सरकारले गर्नैपर्ने पहिलो काम भनेकै उद्धार र राहत हो । जहाँ जति सकिन्छ सहयोग संकलन गरेर बिपतमा परेकालाई सहयोग गर्नु हो । जसले घर गुमाए, आफन्त गुमाए, जिविका गुमाए, अंगभंग भए, मर्नु न बाँच्नेको स्थितिमा छन्, तिनको सहयोग नै मानवता हो । सरकारको जिम्मेवारी हो । यो कार्य सम्पन्न भएपछि सरकार पुननिर्माणमा जुट्नुपर्नेछ । जुन पुरानो ढाँचामा हामी बसेका छौं, त्यस्तो जोखिमयुक्त ढाँचा बदल्नुपर्छ । फेरि फेरि यस्तो विपद् नपरोस् भनेर अहिले नै चेत्नुपर्छ र सोच बदल्नुपर्छ । राज्यले गम्भीर निर्णय गर्ने बेला यही हो ।


हिमाल फुट्यो, बाढीले महाकाल निम्त्यायो । यथार्थमा यो प्रकृतिले हामीलाई दिएको सिख पनि हो । चेतावनी हो । अझै हामी प्रकृतिसँग जोरी खोज्नुहुन्न । असलमा जलवायु परिवर्तनले हिन्दुकुश-हिमालय तात्दैछ । हिउँ पग्लदै छ, हिमनदीहरू फुट्दैछन् । हिमतालको शान्तस्थिति बदलिएको छ । जसले समाजलाई अस्थिरतामा धकेल्दैछ । चरम वर्षा, चरम घाम, चरम मानिसको लापरवाहीले विपत्तिका खतराहरू दिनदिनै बढ्दै गएका छन् । झण्डै दुई अर्व मानिस हिमाल र नदीप्रणालीसँग गाँसिएका छन् । हिमाल जीवन पनि हो, मृत्यु पनि । त्यो सत्य सावित भयो ।

अहिलेसम्म जे जति व्यवस्थापनका पद्धतिहरू थिए, त्यसमा परिवर्तन चाहिने भएको छ । हामी सडक, पुल, जलविद्युत्, प्रसारण लाइन, सुरूङ, पर्यटन सुविधा र आधुनिकता निर्माण गरिरहेका छौं । औद्योगिकीकरण पनि तीब्र गतिमा छ । तर प्रकृतिसँगको समन्वयमा सुधार आएको छैन, जसले विपतलाई निम्तो दिइरहेछ । यहीकारण हिमनदीहरू फुट्छन्, नदीको बहाव बढ्छ, उर्लन्छ र मानिसका सपनाहरू अहिले भोटेकोशीले बगाएजसरी बगाउँछ । केही छिनमै सबै स्वाह हुन्छ ।

सुरूआत नै पर्यावरणमैत्री सोच हुनुपर्छ । त्यसैका आधारमा विकास निर्माणका जग बसाल्नुपर्छ । पहिले विकास गर्दा जलवायु प्रतिरोध हुनसक्दैन । हिमाली क्षेत्रमा हामी जे गर्छौं, सय वर्षपछिको परिवर्तनको सोच राखेर गर्नु उचित हुनेछ । आज नेपालले जे भोगेको छ, त्यो त प्रारम्भ मात्र हो । अहिले नै हामीले बुद्धि पुऱ्याएर अघि बढ्न सकिएन भने भोलिका दिनमा योभन्दा डरलाग्दा घटना घट्नसक्नेछ । भूगोलको अध्ययन गरेर भूमिको उपयो, सुरक्षित बसोबास, पूर्वनिर्धारित उद्धार मार्ग, विद्यालय र अस्पतालको समुचित व्यवस्था, केही भइहाले उद्धारको प्रवन्ध । वर्तमान र भविष्यका लागि समेत प्रतिरोधको पूर्वाधार सोच्ने समय अहिले नै हो ।

यो दुर्दशामा नेपालले कमाएका मित्रहरू सहयोगका लागि आएका छन्, तिनको सहयोगलाई समुचित उपयोग गरेर यो शोकलाई जित्ने चुनौती छ अहिले ।





# आधुनिक पुस्तकालय विकासमा केही समस्या : केही समाधानका उपाय



नारायणप्रसाद मिश्र

शिक्षा : हामी विभिन्न विषयको ज्ञान मुख्यत: विद्यालय, कलेज र विश्वविद्यालयको औपचारिक शिक्षामार्फत हासिल गर्छौं । शिक्षाले हामीले नजानेको ज्ञान हामीलाई प्रदान गर्नुको साथै जन्मजात हामीमा रहेको अल्पज्ञानलाई पनि विकसित र उज्यालो बनाउँछ । हाम्रो कामकाज काम गराइ, बुझाइ, बोलाइ, लेखाइ, व्यवहार तथा निर्णय क्षमतामा सफल हुन सक्षम बनाउँछ ।

शिक्षा र पुस्तकालय : विकसित देशहरूमा शिक्षा र पुस्तकालयलाई सूर्य र सूर्यको प्रकाश, चन्द्रमा र चाँदनी जस्तै एकअर्काबाट अलग गर्न नसकिने मानिन्छ । अर्को शब्दमा भन्नुपर्दा, ती शरीर र आत्माजस्तै परस्पर अभिन्न ठानिन्छ । एउटा बिना अर्कोको अस्तित्व कल्पना गर्न सकिँदैन । कारण शिक्षण, गुरू र शिक्षण संस्थाको कामकाज लागि नभइ नहुने विश्व ब्रहमाण्डका ज्ञानी र प्रवुद्धहरूको अनुभव र ज्ञान, ज्ञानसामग्रीहरूमा सुरक्षित हुन्छ । तिनै ज्ञान सामग्रीहरू मध्य पनि उपयोगीमा उपयोगी ज्ञान सामग्रीहरू छनौट,संकलन, संरक्षण र वैज्ञानिक किसिमले व्यवस्थित गरी ती ज्ञानसामग्रीहरू शिक्षण संस्था, गुरू, बिद्यार्थी अर्थात समस्त पाठकहरूलाई पुस्तकालयले विना विलम्ब उपलब्ध गर्छ । प्रदान गर्छ । त्यसैले नै पुस्तकालयलाई ज्ञानको मुख्य स्रोत र शिक्षाको मुटु भनिन्छ । पुस्तकालयलाई विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्ताका लागि मात्र होइन समस्त जनताको ज्ञान प्राप्तिको लागि नभइनहुने एक शैक्षिक संस्था पनि मानिन्छ । सुदृढ पुस्तकालयबिना गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिदैन ।

विकसित देशमा पुस्तकालय

समृद्ध तथा विकसित राष्ट्रहरूमा विद्यालय, कलेज, विश्वविद्यालय, अनुसन्धान केन्द्रमा मात्र होइन,कुनै पनि ठूला संस्था, कार्यालय, कल कारखाना, उद्योग तथा व्यापारिक संस्थाहरूमा पनि उत्कृष्ट रूपमा व्यवस्थित पुस्तकालयहरू हुन्छन्, जहाँ सावधानीपूर्वक छनोट गरिएका गुणस्तरीय ज्ञानसामग्री उपलब्ध गरिएका हुन्छन् । यति मात्र होइन, त्यहाँका सहर र गाउँहरूमा पनि सरकारी निकाय वा नगरपालिकाद्धारा सञ्चालित सुदृढ सार्वजनिक पुस्तकालयहरू हुन्छन्, जसले सर्वसाधारणलाई ज्ञानसामग्रीमा सहज पहुँच प्रदान गर्छन् । हाम्रै छिमेकी राष्ट्र भारत दिल्लीको दिल्ली सार्वजनिक पुस्तकालय , जापानको टाकिओ सिटी लाइब्रेरी, अर्हस्, डेनमार्कको "डक एक" सार्वजनिक पुस्तकालय, मुख्यत: न्यूयर्क अमेरिकाको न्यूयर्क सार्वजनिक पुस्तकालय आदि यसका दृष्टान्त हुन् ।

सार्वजनिक पुस्तकालय

सबै समुदाय, सबै वर्ग, सबै पेशा तथा बालबालिकादेखि वृद्धसम्म सबै उमेर समूहका मानिसहरूको साझा पुस्तकालयको रूपमा रहने सार्वजनिक पुस्तकालयलाई मानवको ज्ञान उपार्जनको लागि नभई नहुने एक शैक्षिक संस्थाको रूपमा विकसित मुलुकहरले लिएका छन् । सार्वजनिक पुस्तकालयलाई स्वतन्त्र र खुला रूपमा ज्ञानमा पहुँच तथा सबैका लागि समान अवसर प्रदान गर्ने आदर्शमा आधारित सभ्य र लोकतान्त्रिक समाजको सबैभन्दा महत्त्वपूर्ण शैक्षिक संस्थाको रूपमा लिइन्छ । यसलाई जन समुदायमा अध्ययन गर्ने बानीको विकास गर्न, जनतालाई शिक्षित बनाउन तथा उनीहरूको काम, अध्ययन, अध्यापन, अनुसन्धान, लेखन, वक्तृत्व, बौद्धिक विकास, योजना निर्माण तथा नीतिनिर्माणमा उपयोगी सूचना र ज्ञान उपलब्ध गराउन अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गराउन अति आवश्यक ज्ञान प्रदान केन्दको रूपमा आवश्यक ठानिन्छ ।

यस पुस्तकालयले प्रदर्शनी, पुस्तक प्रदर्शनी, व्याख्यान, छलफल तथा अन्य कार्यक्रममार्फत आफ्ना पाठकलाई समसामयिक घटना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधि, सार्वजनिक चासोका विषय, चर्चित बहस, समयानुकूल मुद्दा तथा नयाँ प्राप्त पुस्तकहरूको जानकारी गराउँछ । यसले देशको विकास र जनकल्याणसँग सम्बन्धित सबै विषयमा तथ्य र सत्यका आधारमा ज्ञान प्रदान गर्छ । सांस्कृतिक वा राजनीतिक पूर्वाग्रहबाट मुक्त रहँदै यसले अध्ययन, अध्यापन र अनुसन्धानलाई सुदृढ बनाउँछ । यस सन्दर्भमा अमेरिकन लाइब्रेरी एसोसिएसनको "पुस्तकालय पेशा त्यस्तो पेशा हो, जसमा अन्य सबै पेशा र व्यवसाय निर्भर छन् ।" यो भनाई स्मरणयोग्य छ ।

अमेरिकी उद्योगपति तथा महान् परोपकारी एन्ड्र्यु कार्नेगी, जसले संयुक्त राज्य अमेरिकामा १,६०० भन्दा बढी पुस्तकालय स्थापना गर्न करोडौं डलर दान गरेका थिए, भन्छन्–

"समुदायले आफ्ना नागरिकको हितका लागि गर्न सक्ने सबै कार्यहरूमध्ये पुस्तकालयको स्थापना सबैभन्दा उत्कृष्ट हो । यो मरूभूमिमा कहिल्यै नसुक्ने ज्ञानको मूल हो ।"

विकासोन्मुख देशमा पुस्तकालय

तर विकासोन्मुख तथा अविकसित देशहरूको अवस्था फरक छ । त्यहाँ जनशिक्षामा पुस्तकालयको महत्त्वलाई पर्याप्त रूपमा बुझिएको छैन । त्यसैले शैक्षिक संस्थाहरूमा पनि स्तरीय पुस्तकालयहरूको अभाव भएका हुन्छन् । सार्वजनिक पुस्तकालयहरू पनि साधारणत: नाममात्रका हुने गरेका देखिन्छन । जनजीवनका सबै क्षेत्रकामानिसलाई आवश्यक ज्ञान र सूचना उपलब्ध गराउने स्तरका राम्रा सार्वजनिक पुस्तकालयहरू प्राय: पाइँदैनन् ।

हाम्रो देशमा पुस्तकालयको अवस्था; पुस्तक संग्रह र पुस्तकालयमा फरकता

हाम्रो देशको अवस्था पनि अन्य अविकसित मुलुकहरूभन्दा खासै फरक छैन । हाम्रो मुलुकमा ज्ञान सामग्रीहरूको महत्वको ज्ञाता र पुस्तक प्रेमीहरूको अभिरूची र प्रयासले सयौ हजारौं पुस्तकालय नामका पुस्तक संग्रहरू मुलुक भरी रहिआएको कुरा सबैलाई थाहा छ । यसको लागि ती हाम्रा ज्ञानसामग्री प्रेमी, ज्ञान सामग्री हाम्रो लागि सुरक्षित गर्ने पूर्वजहरूप्रति हामी सवै नेपाली कृतज्ञ हुनुपर्छनै ।तर सही अर्थमा भनिदा पुस्तक संग्रहनै पुस्तकालय होइन ।जसरी दुधनै दही होइन । यद्यपि दुधवाटनै दही बन्छ । जसरी पिठो वा मैदानै रोटी होइन, यद्यपि पिठो वा मैदाबाटै रोटी बन्छ । त्यस्तै ज्ञान सामग्रीहरूको संग्रहनै पुस्तकालय होइन । तर ज्ञान सामग्रीहरूको संग्रहलेनै पुस्तकालयको निर्माण हुन्छ । ज्ञान सामग्रीहरू विना पुस्तकालय बन्दैन ।

बैज्ञानिक किसिमले छनौट, सुसंगठित सुब्यवस्थित उहीं ज्ञान सामग्रीहरूको संग्रह र पुस्तकालयमा रहेका ज्ञान सामग्रीहरूमा रहेका ज्ञान पुस्तकालयका पाठकहरूको चाहना र आवश्यकता बमोजिम विना विलम्ब प्रदान गर्न सकने ज्ञानको केन्द्रलाई हामी सही अर्थमा पुस्तकालय अर्थात आधुनिक पुस्तकालय भन्छौ । यसैले हाम्रा मुलुकमा पुस्तकालयको नाममा रहेका हजारौ पुस्तक संग्रहहरूलाई यस अर्थको आधुनिक पुस्तकालयमा परिणत गर्न पर्ने महत्वपूर्ण काम पनि हाम्रो सामु छदैछ ।

नेपालमा आधुनिक सार्वजनिक पुस्तकालयको आवश्यकता

देशभरि पुस्तक र पुस्तकालयप्रेमीहरूको सक्रियता, अभिरूची, सेवा, प्रयास, परिश्रम, दानदातब्य, उदारता, उपहार आदिवाट सयौं सयौं यस्ता सार्वजनिक पुस्तकालयहरू हाम्रो मुलुकमा भएपनि सरकार, स्थानीय सरकार वा कुनै पनि नगरपालिकाले स्थापना गरेको अन्तर्राष्ट्रिय स्तरको एउटा पनि सार्वजनिक पुस्तकालय हामीसँग छैन । काठमाडौं जस्तो राजधानी सहरमा समेत छैन ।जनताको आवश्यकता, भौगोलिक क्षेत्र, जनसङ्ख्या, आवश्यक पठनसामग्री, स्थान तथा सेवा आदिको व्यावसायिक अध्ययन र योजनाका आधारमा स्थापना गरिएको सार्वजनिक पुस्तकालय हाम्रो देशमा छैन । यस सन्दर्भमा, भक्तपुर नगरपालिकाले २०१० को दशक (सन् १९५० को दशक मा ) स्थापना गरेको भक्तपुरको जनज्योति पुस्तकालय, एक नगरपालिकाको ऐतिहासिक पुस्तकालयको हैसियतले उल्लेखनीय अपवाद हो । त्यस पुस्तकालयको उद्घाटन तत्कालीन राजा त्रिभुवनबाट भएको थियो भन्ने कुरा म गर्वका साथ सम्झन्छु । त्यसबेला रत्नसुन्दर सैजु भक्तपुरका मेयर हुनुहुन्थ्यो र मेरा जेठा दाजु, श्रीपद्म उच्च माध्यमिक विद्यालय, भक्तपुरका अंग्रेजी पढाउने ख्यातिप्राप्त प्रथम शिक्षक, विद्यार्थी निकेतन् हाइस्कूलका प्रधानाध्यपक र पछि त्रिभुवन विश्वविद्यालयका अङ्ग्रेजी विषयका प्राध्यापक भवानी प्रसाद मिश्र उद घाटन समारोहका सभापति हुनुहुन्थ्यो । यद्यपि नगरपालिकाकै संरक्षकमा रहेपनि आजको आवश्यकता र परिवेशअनुसार त्यस पुस्तकालयको पनि अपेक्षित विकास हुन सकेको छैन ।

सार्वजनिक पुस्तकालय सेवा सञ्चालनमा हाम्रो प्रयास :

काठमाडौंमा सार्वजनिक पुस्तकालयको अभाव तथा यहाँका नागरिकलाई पुस्तकालय सेवा उपलब्ध गराउनु आवश्यक भएको महसुस गर्दै, मेरी स्वर्गीय प्रिय पत्नी शान्ति मिश्र–नेपालकी पुस्तकालय विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त पहिलो व्यावसायिक महिला पुस्तकालयविद्, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयकी संस्थापक प्रमुख पुस्तकालयाध्यक्ष तथा देशकै प्रथम आधुनिक पुस्तकालयकी निर्माता र भारतवाट पुस्तकालय विज्ञानमा एम. ए गर्ने म प्रथम नेपाली मैले उवेला लालदरवार स्थित त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयलाई विश्वविद्यालय समुदायका लागि मात्र नभई सम्पूर्ण काठमाडौंवासीका लागि पनि खुला सार्वजनिक पुस्तकालयका रूपमा सञ्चालन गर्यौं । लालदरबार हालको याक एण्ड यति होटल परिसरमा रहेको त्रि. विको पुस्तकालय कीर्तिपुर सारिनुअघि सम्म हामीले विद्यार्थी, शिक्षक मात्र होइन, सबै नागरिकलाई सेवा प्रदान गर्यौं । तर पछि सो पुस्तकालय कीर्तिपुर स्थानान्तरण भएपछि सीमित स्थान र सीमित पठनसामग्रीका कारण सार्वजनिक पुस्तकालयको पनि भूमिका बहन गरी सबैलाई सेवा दिने हाम्रो चाहना निरन्तर कायम राख्न सम्भव भएन ।

एकपटक त हामीले नयाँ सडक गेट नजिक रहेको तत्कालीन सैनिक अस्पतालको भवन प्राप्त गर्न सके त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको शाखा विस्तार गरी विश्वविद्यालयका शिक्षक, विद्यार्थी र काठमाडौंको अरू जनसमुदाय समेतको लागि मुख्य सहरी क्षेत्रमा सार्वजनिक पुस्तकालय सेवा सञ्चालन गर्न सकिन्छ भन्ने उद्देश्यले उच्च सरकारी अधिकारीहरूसमक्ष प्रस्ताव पनि राखेका थियौं । तर हामी सफल हुन सकेनौं ।

त्यसपछि वि.सं. २०२८ साल साउन १६ गते हामीले तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्रसमक्ष निवेदन प्रस्तुत गरी केशर पुस्तकालयलाई त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको मातहतमा ल्याउने प्रयास गर्यौं । त्यसमार्फत विद्यार्थी, शिक्षक र अनुसन्धानकर्तालाई शैक्षिक पुस्तकालय सेवाका साथै सर्वसाधारणलाई पनि निशुल्क सार्वजनिक पुस्तकालय सेवा प्रदान गर्ने हाम्रो आकाङ्क्षा थियो । तर त्यो प्रयास पनि सफल हुन सकेन । राज्यको नेतृत्व गर्ने उच्च अधिकारीहरूले हाम्रो भावना र यस महान् उद्देश्यलाई बुझ्न सकेनन् । श्री ५ महाराजाधिराजसमक्ष प्रस्तुत गरिएको हाम्रो निवेदनको प्रतिलिपि हाम्रो नेपाली पुस्तक 'त्रि.वि. केन्द्रीय पुस्तकालयको गौरवशाली कहानी र हाम्रो सेवा' को पृष्ठ २३४ मा प्रकाशित छ ।

काठमाडौं महानगरपालिकाले सञ्चालन गर्ने एउटा आदर्श सार्वजनिक पुस्तकालय स्थापना होस् भन्ने अभिलाषाका साथ मेरी पत्नी शान्ति मिश्र र मैले 'पुस्तक, पुस्तक सङ्ग्रह र पुस्तकालय' शीर्षकको लेख एक लेख्यौं, जुन साप्ताहिक जनसत्तामा वि.सं. २०६१ माघ २७ गते प्रकाशित छ । नमुना सार्वजनिक पुस्तकालय स्थापना गर्ने उनको आजीवन सपना आज पनि मेरो मनमा निरन्तर जीवित छ ।



भाद्र १५ पुस्तकालय दिवसको उपलक्षमा
कीर्तिपुर हातामा सरेको दुई वर्ष पछि २०२६ सालको
त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको तस्विर

पुस्तकालयका लागि अभिभावक संस्था वा प्रायोजक निकायको अनिवार्यता

कुनै पनि किसिमको बलियो अभिभावक संस्थाको टेवा र संरक्षण विना सानो वा ठूलो कुनै पनि आधुनिक पुस्तकालय स्थापना र दिगो रूपमा सञ्चालन हुँदैन र हुन सक्तैन ।पुस्तकालय भन्नासाथ पुस्तकालय रहने स्थायी ठाउँ अर्थात पुस्तकालय भवन हुनुपर्छ नै । यसको लागि जनशक्ति अर्थात पुस्तकालय विज्ञानमा योग्यताप्राप्त ब्यावसायिक, सहायक आदि कर्मचारी पनि चाहिने नै हुन्छ । यसको साथसाथै दराज, टेवल, कुर्सी मात्र होइन थरी थरीका पुस्तकालय सम्बन्धी कामका सामग्रीहरू, उपकरणहरू पनि हुनुपर्छनै । यी सवै कुराको लागि आवश्यक आर्थिक स्रोत नियमित प्रदान गर्ने अभिभावक अर्थात संरक्षण निकाय पुस्तकालयको लागि अनिवार्यत हुनुपर्छनै । जस्तो स्कूल पुस्तकालयको स्कूल, विश्वविद्यालय पुस्तकालयको विश्वविद्यालय, सरकारी पुस्तकालयको सरकार र कलकारखानाको पुस्तकालयको कलकारखाना, सार्वजनिक पुस्तकालयको लागि साधारणत: नगर पालिका जस्तो स्थानिय निकाय संरक्षण निकाय हुने जस्तै संरक्षण निकाय नभई कसैको अभिरूचीले मात्र पुस्तकालय सुचारू रूपले सञ्चालन हुन सक्तैन भन्ने कुरा बुझ्न जोकसैलाई गाह्रो हुन नपर्ने कुरा हो ।

हाम्रा मुलुकका ज्ञान सामग्री प्रेमी, पुस्तकालय प्रेमी जोकसैको ध्यान यतातिर गएको पटक्कै देखिँदैन । धेरैले पुस्तकालय प्रेमले त, कसैले राजनैतिक उद्देश्यले, कसैले नाम आर्जन गर्नेमात्र लहडले विना आवश्यक कुरामा ध्यान नदिई विना सही नीति र योजना पुस्तकालयहरू स्थापना र सञ्चालन गरिआएको देखिन्छ । कुरा जस्तो सुकै भएपनि पुस्तकालय विशेषज्ञहरूको राय सुझावले पुस्तकालय रहने गाँउ शहरको भौगोलिक क्षेत्र, जनसङ्ख्या, सम्भावित पाठक बर्ग, आवश्यक पठनसामग्री, पुस्तकालय भवन, स्थान, जनशक्ति, पुस्तकालय फर्निचर, उपकरण तथा बजेट आदिको व्यावसायिक अध्ययन गराई त्यसका आधारमा स्पष्ट योजना र नीति तर्जुमा गरी यी सवै पुस्तकालयहरूको लागि संरक्षण निकायको व्यवस्था गरी पुस्तकालयको सुव्यवस्था र सुसञ्चालन सरकारले गर्न जरूरी छ ।

पुस्तकालय सम्बन्धी प्रसङ्गमा काठमाडौंस्थित 'काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयको' दुखद् लफडा हाल एक चर्चित विषयको रूपमा मुलुकमा छ । यस सम्बन्धी लोकेन्द्र विश्वकर्माद्वारा लिखित मिति २०८३श्रावण २१को शिलापत्रमा प्रकाशित लेख अनुसार राष्ट्रिय योजना आयोगका पूर्व केही सदस्यहरू लगायत नेपालका ख्याति प्राप्त दर्जनौ प्रबुद्ध गण्यमाण्यहरूको सहभागितामा यो पुस्तकालयको स्थापना र सञ्चालन भएको देखिन्छ । तर यस्तो भएपनि लेखमै रहेको ऐतिहासिक विवरण अनुसार यो पुस्तकालयको स्थापना र सञ्चालनमा पनि स्पष्ट योजनाको अभाव मात्र होइन, पुस्तकालय सञ्चालनको लागि अनिवार्यत हुनपर्ने संरक्षक निकाय सम्मको व्यवस्थामा पनि आवश्यक ध्यान जान नसकेको पनि देखिन्छ । यसैबाट यसको लफडा उत्पति भएको स्पष्ट छ ।

कुराजस्तो भएपनि पुस्तकालय जस्तो संस्थाको सुसञचालनको उचित व्यवस्था गर्नुको सट्टा पुस्तकालयमा ताला लगाउनु कम दु:खदायी कुरा होइन ।कुरा जस्तो भएपनि वितेको कुराबाट पाठ सिकी पुस्तकालय खोल्ने वा बन्द गर्ने कुरामा फोहरी राजनीति नगरी यो पुस्तकालयको पनि संरक्षण निकायको व्यवस्था गरी प्रभावकारी रूपमा सुचारूरूपले सञ्चालन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ । विश्वकर्माको लेख अनुसार यस प्रसङ्गमा यो पुस्तकालय सञ्चालनको लागि समाज कल्याण परिषद संरक्षणको जिम्मेवारी बोकन तयार रहेको देखिन्छ । संरक्षक आवश्यक संस्थामा संरक्षण निकाय उदाउनु जरूर खुशीको कुरा हो ।हुनत यो संरक्षण निकायको जिम्मेवारीको लागि काठमाडौं नगर पालिकालाई पुकार्नु मेरो विचारमा सबभन्दा उतम उपाय हुनसक्छ ।यो जिम्मेवारी वहन गर्न नगरपालिका आफै खुशीले अघिसर्नु पर्ने यो विषयवस्तु भएको जस्तो पनि मलाई लाग्छ ।

पुस्तकालय र स्थानीय निकाय

जनतालाई ज्ञान उपार्जनको सुविधा उपलब्ध गर्नको निमत्त अन्य देशहरूमा जस्तै हाम्रो देशका विभिन्न नगरपालिकाहरू अर्थात स्थानीय निकायहरूले पनि सुविचारित स्पष्टनीति, बैज्ञानिक योजना र दिगो व्यवस्थापनसहित वास्तविक अर्थमा प्रभावकारी पुस्तकालय सेवा प्रदान गर्न सक्ने आधुनिक सार्वजनिक पुस्तकालयहरू स्थापना र सञ्चालन गर्न ध्यान दिन पर्ने देखिन्छ ।। सार्वजनिक पुस्तकालय लगायत कुनैपनि किसिमको पुस्तकालय कुनै अभिभावक संस्थाविना प्रभावकारी रूपमा सञ्चालन हुन सक्दैन । त्यसैले हाम्रा स्थानीय निकायहरूले स्पष्ट नीति नियम कानूनको व्यवस्था गरी हाम्रो शहर, गाँउ, ठाउँमा हाल रहेका सार्वजनिक पुस्तकालयहरूको संरक्षकत्व ग्रहण गरी यसको समयानुकुल विकास गर्न पनि विशेष ध्यान दिन जरूरी छ ।

यस सन्दर्भमा म देशभरका सबै स्थानिय निकायका प्रमुखहरूलाई सार्वजनिक पुस्तकालय स्थापना र सञ्चालन गर्ने विषयमा गम्भीरतापूर्वक सोच्न हार्दिक अनुरोध गर्दछु । काठमाडौं महा महानगरपालिकाका तत्कालीन मेयर वालेन शाह जनहित र एक प्रशंसनीय विकासप्रेमी नगरप्रमुखका रूपमा उदाउनु भएको र उहाँले आफ्नो कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई राजनीतिमुक्त बनाउने प्रशंसनीय नेतृत्व पनि प्रदान गर्नु भएकोले पुस्तकालय क्षेत्रमा पनि उहाँको ध्यान जान सके काठ्माडौंमा निश्चय पनि एक अन्तर्राष्ट्रिय स्तरको दिल्ली सार्वजनिक पुस्तकालय जस्तैको आधुनिक पुस्तकालय स्थापना र सञ्चालन हुन सक्ने र काठमाडौंमा रहेका अरूपनि सार्वजनिक पुस्तकालयहरूको आधुनिकरणमा नगरपालिकाको संरक्षकत्व हुन सकने रमाइलो आशा मेरो मनमा पलाएको थियो ।

यसैले मैले उहाँको ध्यान यसतर्फ पनि आकर्षण गर्न र यसतर्फ उहाँको ध्यान जान सके यसकाममा विना पारिश्रमिक स्वयम सेवकको रूपमा बिशेषज्ञीय सेवा पनि खुशीसाथ अर्पण गर्न मैले काठमाडौं महानगरपालिका सार्वजनिक पुस्तकालयको आवश्यकता र वालेन शाह ( A Necessity of Kathmandu Municipality Public Library and Balen Shah ) शिर्षकको एक लेख अङ्ग्रेजी भाषामा लेखे । यो लेख व्यालभ ७, २०२३ को PeopleŚs Review मा प्रकाशित छ । यो लेखमा उहाँको ध्यान गएन वा यसमा उहाँको अभिरूची रहेन, मलाई थाहा छैन । अव उहाँ यो राष्ट्रको सम्माननीय प्रधानमन्त्री हुनुहुन्छ । नेपालमा आधुनिक सार्वजनिक पुस्तकालयहरूको स्थापना र विकासमा पनि उहाँको ध्यान जान सकोस्, म कामना गर्छु । उहाँको नेतृत्वले नेपालका ज्ञानपिपासु नागरिकहरूले अध्ययनका लागि उपयुक्त स्थान र आफ्नो ज्ञानपिपासा मेटाउने अमूल्य अवसर पनि निकट भविष्यमानै पाउने म आशा पनि गर्छु ।

पुस्तकालय दिवस : प्रत्येक वर्षको भाद्र १५ गते हाम्रो मुलुकमा पुस्तकालय दिवसको रूपमा मनाउने चलन केही वर्ष देखि नियमित छ । धेरै जसो हाम्रा विभिन्न यस्तै दिवसहरूमा २/४ जना नजिकका आसेपासेलाई माला लगाउने र यस्तै २/४ जनाको प्रशंसा फलाक्ने चलनमै साधारणत: सीमित रहेको पनि देखिन्छ । यस किसिमको दिवसले केही उपलब्धी साधारणत: हात पर्दैन ।

त्यसैले म पुस्तकालय दिवसका आयोजकहरूलाई नेपालको पुस्तकालय विकासका लागि आवश्यक ठोस कदमहरूमा अझ बढी ध्यान दिन हार्दिक आग्रह गर्दछु । यो अवसर केवल उत्सव मनाउने दिनमा सीमित नभई पुस्तकालय सेवाको सुदृढीकरणका लागि व्यावहारिक नीति निर्माण गर्ने, भएका प्रगतिहरूको समीक्षा गर्ने र अर्थपूर्ण पहलहरू प्रारम्भ गर्ने अवसरको रूपमा प्रयोग हुनुपर्छ ।

पुस्तकालय विकासको लागि ध्यानयोग्य कुरा

पुस्तकालय कुनै विलासिताको वस्तु होइन; यो शिक्षा, बौद्धिक विकास, सचेत नागरिक निर्माण र राष्ट्रिय विकासका लागि अपरिहार्य संस्था हो । जुन राष्ट्रले आफ्ना पुस्तकालयहरूलाई बेवास्ता गर्छ, त्यसले अन्तत: आफ्नो शैक्षिक र सांस्कृतिक जीवनको आधारलाई नै कमजोर बनाउँछ । यसको विपरीत, जुन राष्ट्रले पुस्तकालयमा लगानी गर्छ, त्यसले आफ्ना नागरिकहरूको चेतना, ज्ञान र उज्ज्वल भविष्यमा लगानी गरिरहेको हुन्छ ।


त्यसैले नेपाल सरकार, प्रदेश सरकारहरू, नगरपालिकाहरू तथा अन्य स्थानीय निकायहरूको जिम्मेवारी हो कि उनीहरूले स्पष्ट नीति निर्माण गरून्, आवश्यक कानुनी व्यवस्था गरून् र आधुनिक पुस्तकालयहरूको विकास तथा प्रभावकारी सञ्चालनका लागि दिगो प्रणाली स्थापना गरून् । विद्यमान सार्वजनिक पुस्तकालयहरूलाई संस्थागत संरक्षण, पर्याप्त आर्थिक सहयोग, व्यावसायिक व्यवस्थापन र समयानुकूल आधुनिकीकरण प्रदान गरिनुपर्छ, ताकि तिनले भावी पुस्तालाई अझ प्रभावकारी रूपमा सेवा प्रदान गर्न सकून् ।

हाम्रा प्रमुख सहरहरू, विशेष गरी काठमाडौंमा अन्तर्राष्ट्रिय स्तरका सार्वजनिक पुस्तकालयहरूको स्थापना अब अधुरो सपना मात्र रहनु हुँदैन । यस्ता पुस्तकालयहरूले विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, लेखक र विभिन्न पेशामा संलग्न व्यक्तिहरूलाई ज्ञानमा पहुँच मात्र उपलब्ध गराउने छैनन्, बरू प्रत्येक नागरिकका लागि आजीवन सिकाइ, सांस्कृतिक आदानप्रदान, बौद्धिक छलफल र लोकतान्त्रिक सहभागिताका केन्द्रका रूपमा पनि विकास हुनेछन् ।

नेपालका राजनीतिक नेतृत्व, नीति निर्माता, स्थानीय सरकारहरू, शैक्षिक संस्थाहरू र आम जनताले पुस्तकालयको वास्तविक महत्त्वलाई बुझेर यस दृष्टिकोणलाई व्यवहारमा उतार्न एकजुट भएर काम गरून् भन्ने मेरो हार्दिक आशा छ । त्यसपछि मात्र हामी वास्तवमै ज्ञानसम्पन्न, चेतनशील र प्रगतिशील नेपालको निर्माण गर्न सक्नेछौं ।

*narayanshanti70@gmail.com*

*लेखक परिचय: नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा धेरै लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख र त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका पूर्व प्रमुख लाइब्रेरियन तथा मध्य-असी दशक पार गरेको एक ज्येष्ठ नागरिक ।*



# Rasuwa Is a Warning Nepal Cannot Ignore

## By: Galab Bahadur Dhungana

The images from Nepal's northern frontier are difficult to absorb. Settlements erased, bridges torn from their foundations, and families still waiting for news of the missing. As of August 29, officials had confirmed 675 deaths and nearly 2,500 people still missing in Nepal, with seven deaths confirmed in Tibet, and cautioned that both figures were still rising as search and rescue operations continued. Saving lives remains the urgent priority. But this disaster also carries a structural warning Nepal cannot afford to forget once the news cycle moves on.






On August 26, current assessments indicate a massive high-altitude collapse of ice and rock entered the transboundary Lhende Khola on the Tibetan side of the border, though scientists are still reconstructing the exact chain of events. What followed was not a conventional monsoon overflow but a hyper-concentrated debris surge that tore down the Bhote Koshi and into the Trishuli, with river levels downstream reportedly rising by up to nine metres in thirty minutes. The flood flattened border infrastructure at Rasuwagadhi, destroyed the bazaars of Timure and Syabrubesi, and carried on into Nuwakot and Dhading, destroying 35 motorable bridges, 45 suspension bridges and around 40 kilometres of road along the way. A barrier lake formed upstream and partially breached on August 28, and a second, larger blockage has since been spotted still growing.

The energy toll has been just as severe. The Nepal Electricity Authority now counts fourteen hydropower projects along this single river corridor damaged or halted, nine of them operating plants and five still under construction, with roughly 750 MW of combined operating and under-construction capacity affected, including about 354 MW that had been feeding the grid. Some 933 hydropower workers remain unaccounted for at project sites alone, alongside Kailash-bound pilgrims who were caught in the same corridor.


To understand why this disaster hit so hard, it helps to look at the geography beneath it. For centuries the Himalayan range was never an impenetrable wall. Trade moved through roughly forty traditional passes, eventually consolidating into modern gateways like Kodari, Rasuwagadhi, Hilsa and Korala. Some of these routes crossed high mountain saddles, while others followed valleys and gorges shaped by glaciers and trans-Himalayan rivers such as the Arun, Karnali and Bhote Koshi. Caravans, pastoralists and pilgrims simply followed the water downhill, and in recent decades Nepal built its modern economy along these same gorges, with highways, border posts, tourism hubs, transmission towers and cascading hydropower plants replacing the old salt and wool caravans. It made commercial sense to exploit fast-flowing Himalayan rivers. But it created a dangerous paradox. The narrow geography that makes human movement and energy generation possible is the exact channel through which an upstream catastrophe propagates downstream, destroying everything in an unbroken chain.

Rasuwa exposes the illusion of diversified hydropower risk. Clustering dozens of plants along the same river system to share access roads and transmission lines makes economic sense in ordinary years, but it also means those plants share the same watershed, fragile slopes, flood pathways and glacial hazard corridors. When an upstream event strikes, generation, transmission hubs like the Trishuli-3B substation, and the access roads needed to reach them can all fail together. This is not an isolated weakness either. The Koshi basin in the east, with the Arun, Tamor and Dudh Koshi, the Gandaki system with the Marsyangdi and Budhi Gandaki, and the Karnali-Bheri basins in the west all carry the same pattern, heavy hydropower concentration sitting just downstream of steep, glaciated catchments.

These assets are also operating in a mountain environment that will not sit still. ICIMOD assessments show that glaciers across the Hindu Kush Himalaya are losing mass at roughly twice the rate recorded at the start of this century, having already lost about twelve percent of their area and nine percent of their estimated ice reserves between 1990 and 2020. Warming, glacier retreat and degrading permafrost are also altering the stability of high mountain slopes and increasing concern about rock and ice avalanches that may occur independently of glacial lakes. The physical assumptions behind infrastructure meant to last thirty to fifty years are shifting faster than the infrastructure itself.

None of this is an argument against hydropower, which remains the backbone of Nepal's domestic power supply and its export earnings from India. It is an argument for planning the way the mountains actually behave, as connected systems rather than isolated project sites. Energy diversification must therefore mean not only more projects or more river basins, but diversification of geography, technology and transmission risk. Regulators need basin-scale risk audits rather than project-by-project environmental reviews, modeling how an avalanche or debris flow would travel and how many dams downstream could fail together, not just whether one dam site is sound. Energy security needs real technology diversification, with utility-scale solar and battery storage built out across the mid-hills and Terai, well away from river corridors, since a flash flood that can wipe out a string of hydropower plants cannot touch a dispersed solar array. The disaster is also a reminder that Himalayan environmental security is fundamentally a Nepal-China-India problem, not only a Nepal-China one, since glaciers, rivers and debris flows do not recognise political borders and these same waters continue on toward India downstream. Transboundary early warning matters too. These debris surges move faster than standard downstream flood gauges can register, which makes real-time seismic, satellite and hydrometric data sharing between Nepal, China and India essential for shared headwaters like the Lhende Khola. And the grid itself needs redundancy, with substations sited outside flood-prone valleys and transmission lines looped so that one corridor's destruction does not paralyze the wider system.

Nature has delivered an unmistakable warning. The Himalayas will keep defining Nepal's geography, its trade routes, its pilgrimage paths and, increasingly, its electricity supply. What is not fixed is whether Nepal's energy planning catches up to the volatile mountain system it is actually built on, or waits for the next corridor to collapse before it does.



# अव्यवस्थित बस्ती, आजको आवश्यकता

शुद्ध समाजवादी :

यस पद्धतिले धनी र गरीवको संतुलन गर्दछ । लक्ष्मीले पत्याएका नगण्य व्यक्ति नगरक्षेत्र चाप्दै जान्छन् तर अनगिन्ती नाजुक निमुखा गरीबहरू गाउँमै बस्तछन् र राज्य प्रदत्त सेवाहरूको उपभोग कहिल्यै गर्न नपाउने हुन्छन् । धनी अझ धनी हुने र गरिव झन् झन् गरीव हुँदै जाने निश्चित हुन्छ । त्यसलाई यो पद्धतिले रोक्दछ ।

हितकारी उपाय : असम्भव होइन :

यथास्थितिबाट नयाँ रूपमा आमूल परिवर्तन गराउन पुस्तैनी बसेको वस्तीलाई अन्यत्र सार्न र बनिसकेका आदतमा परिवर्तन ल्याउन त्यति सजिलो कुरा होइन तर उनीहरूको हितका लागि केही हस्तक्षेप गर्नु पनि नराम्रो कुरा हैन न अप्रजातान्त्रिक परिपाटी नै हो । विश्वका सबै शहर वा वस्ती यस्तै हितकारी कार्यहरू, योजनाहरूबाटै बनेका हुन् । व्यवस्थित गर्दा उनीहरूले दुःख पाएर पछुताउनु पर्ने स्थिति पनि सरकारले ल्याइदिनु हुँदैन । राष्ट्रिय निकुञ्ज र आरक्षण तथा काठमाण्डु शहरका केही भाग निर्माण गरेको अनुभवले यसो गर्नु असम्भव चाहिँ होइन ।

- सघन व्यवस्थित बस्ती विकास योजना धेरै उच्च कोटीको हुन्छ ।

- छितरिएर रहेको वस्तीमा आफनो हक थाहा पाउन कुनै सञ्चारको साधन छैन । फलतः राजनैतिक व्यवस्था र संविधान निर्माण जस्तो महत्वपूर्ण काममा उनीहरू उपेक्षित भएका छन् ।

- सहज रूपमा एकत्रित हुने तथा बिचारको अदानप्रदान गर्ने ठाउँ छैन ।

- देश भर भएका सबै अवैज्ञानिक र अस्वस्थकर (भान्छा, चूलो, अँगेना, गोठ, पानी र पाइखाना, बैठक सुत्ने कोठा) घरहरूलाई हटाएर कम खर्चिला र स्वास्थ्यकर नयाँ घरमा परिणत गर्नुपर्ने अहिलेको आवश्यक्ता भइसकेको छ । घरको बनावटको सुधार गरेर मात्र स्वास्थ्य सुधारमा झण्डै आधा प्रतिकारात्मक हुन सक्दछ ।

- भू-उपयोगिता नक्सा अनुसार व्यवस्थित बस्ती तथा घरको विकास गरेर मात्र दाउरा इन्धनलाई सौर्य, गोबरग्याँस, विद्युत् र बायोग्यास जस्ता इन्धनमा बदल्न सकिन्छ । वन संरक्षण हुन्छ ।

- उर्जा विविधिकरण गरेर राष्ट्रिय इन्धनको सदुपयोग गर्ने तथा दाउरा र एल.पि.ग्याँस हटाएर क्रमशः वन वाताबरणको संरक्षणबाट आयात घटाई विदेशी मुद्राको बचत गर्ने काम व्यवस्थित बस्तीबाट मात्र हुन्छ ।

- यसले वातावरणमा सुधार ल्याउँदछ । बाढी पहिरो लाग्ने र नदी खोला उत्रदै जाने समस्या समाधान हुन्छ । वनजन्य उद्योग बढेर जान्छन् । रोजगारका अवसर बढ्दछन् ।

- आधुनिक वस्ती विकासले गर्दा भू-सदुपयोगको क्षेत्र बढेर जान्छ । यसो हुँदा रोजगार र आर्जन दुवै बढ्न जान्छन् ।

सही भू-व्यवस्थापन:

भू ब्यबस्थापनले निम्न अनुसार सही व्यवस्थापन गर्दछ सबै खाले जमिन सम्बन्धी मुद्दा घट्छन् :

- असी प्रतिशत मुद्दा घटाउँदछ ।

- कृषिमा बिबिधिकरण हुन्छ र यो उद्योगमा परिणत हुन्छ ।

- बिद्यमान त्रुटिहरू हट्छन् ।

- भू-प्रयोजनबाट पछौटेपन हट्छन् ।

- राष्ट्रिय भू-नीतिको अभाव हुदैंन ।

- भूक्षेत्र अतिक्रमण रोकिन्छ ।

-जंगल सक्ने प्रवृत्तिको अन्त्य हुन्छ ।

- समयमै निर्णय नहुने हुदैंन ।

- आफैँ कार्यबाहिमा पर्ने हुदाँ ब्यक्ति होइन पद्धतिले काम गर्छ ।

- अन्तरविभागीय समन्वय हुन्छ, ।

- प्रशासकले अधिकार बाहिरका कामहरू गर्दैन ।

- अव्यावहारिक रूपमा शक्ति देखाउने हेतुले काम हुदैंन ।

- पक्षपातले अपराधीहरूलाई दण्ड दिन थामथुम गर्दैन ।

- नीतिको अभाव हुँदैन, जस्को अभावमा प्रशासनिक यन्त्र नचल्ने हुदैंन ।

- प्रशासकको अदलीबदली हुनासाथ कामका मूलभूत कुरामै परिवर्तन हुदैन ।

- कर्मचारी तथा वर्गीय संगठन वा दर्लको नकारात्मक प्रवृत्ति हुँदैन ।

- भैंसी देखेर जोगी डराउने औ जोगी देखेर भईंसी डराउने हुँदैन ।

- भूप्रयोजन व्यवस्थाको समस्या झनझन सहज हुदैजान्छ ।

- दलले आआफ्ना कार्यकर्ता पोस्ने काम बन्द हुन्छ ।

- पद्धतिले काम गर्दछ, ।

- सबै खाले सामाजिक अपराधको ब्यापक बिनास हुन्छ, ।

- असामाजिक कुरामा प्रशासन, प्रहरी तथा वकिलहरू र न्यायाधीश समेतको संलग्नता हट्छ ।

- बल र धनले वा कुनै शक्ति स्रोतले काम गर्न सक्दैन ।

व्यवस्थित बस्ती : जन माग

केही मानिसले प्रश्न गर्दछन् कि: के यस्तो आमूल परिवर्तन गर्दा जनविद्रोह हुँदैन ? शान्ति सम्भव छ र ?

- के ब्यबस्थित र सघन बस्ती बनाउनु प्रजातान्त्रिक अभ्यास विपरीत हुँदैन ?

- के यति ठूलो कुरो सम्भव छ ?

- के यो ज्यादै खर्चिलो हुँदैन ?

भन्ने जस्ता सबै प्रश्नका जबाफ यो योजनाले धेरै ठाँउमा धेरै पटक दिइ सकेकोछ । जनता आफै सचेत भएर गर्दछन् भन्ने धारणाले हामीले कहिल्यै विकास गतिमा प्रतिस्पर्धी बन्न सक्ने छैनौं, यो धारणा नै राख्नु हुदैंन । अहिलेको नेपालको चेतनाको अबस्था निर्देशित नै हो ।

तीब्र केन्द्रीकरणको प्रतिफल सबै सचेत, पठित र बुद्धिवालाहरू अहिले तँछाडमछाड गरेर शहरी क्षेत्रतिर, घनाबस्तीतिर वैरिईरहेका छन् । लेकालीहरू बेसी झरिरहेका छन्, दुर्गम गाउँलेहरू सुगम गाउँतिर आइरहेका छन् । सुगम गाउँमा बसेकाहरू हाट बजारतिर लम्किएका छन् । त्यसै गरेर हाट बजारियाहरू इलाका, जिल्ला, अञ्चल र क्षेत्रीय सदरमुकामतिर दौडिरहेका छन् । के हिमाली, के मधेशे, के पहाडी सबै राजधानीतिर नै आँखा बन्द गरेर दौडेका छन् । सबै सम्पन्नले सुबिधा क्षेत्र उपभोग गर्न र सबै विपन्नले रोजी-रोटी खोज्न राजधानीतिर नै दौडिरहेकाछन् । यो जन प्रबृत्तिले के पुष्टि गर्दछ भने देशका सबै क्षेत्रका नेपालीले शहरीकरणको माग गरिरहेका छन् । घना र व्यवस्थित बस्तीको माग गरिरहेका छन् । सुविधायुक्त थलोमा बस्न चाहिरहेका छन् । सन्तुलित विकासको इच्छा राखिरहेका छन् ।

प्रजातन्त्र भनेको जनइच्छा अनुसार काम गर्नु हो । चकलाबन्दी र भूउपभोग क्षेत्र निर्धारण गर्ने खुबी सरकारमा नभएको कारणले चाहेर पनि सबै नेपालीले व्यवस्थित रूपमा राम्ररी बस्न, रोजगारी गर्न र समान सुविधा भोग्न पाएका छैनन् । यसरी अनिवार्य र व्यवस्थित रूपमा बस्न चाहने अमूक जनताको इच्छा सरकारले बुझ्न सकेको देखिँदैन । यो रवैया हिजोका सबै सरकारमा थियो र आजका सबैजसो दलका सरकारहरूमा पनि कायमै छ । आज मधेसी नेपालीले आफ्ना समस्या संबोधन नभएको भनेर मुक्ति मोर्चा गठन गरेका छन् । त्यसै भनेका छन् कर्णाली बासीले, सबै दुर्गम बासीले । सबैजसो जनजातिले आफ्ना समस्यालाई कसैले संबोधन नगरेको भनेका छन् । अछुत, दलितहरूले त्यसै भनेका छन् । त्यस्ता माग गर्ने र नगर्ने सबै स्थान, जात र समूहका ब्यक्तिका महिलाले पनि आफना पीडा कसैले नबुझिदिएको, नसुनिदिएको भनेकाछन् । उनीहरू सबैले जसरी माग राखेकाछन् राज्यले कहिल्यै पुरा गर्न सक्दैन । कहिल्यै पुरा नहुने भएपछि दलका नेताहरूले पनि त्यसलाई सकार्ने तर काम नगर्ने गरेको बिगतका शासन कालले नै पुष्टि गर्दछ । सबैखाले दलका सरकारहरूले हो, हो भनेर ठिक्क मात्र पार्ने गरेकाछन् । यदि माग पूरा गर्ने नै हो भने पनि देश टुक्रा टुक्रामा बिभक्त हुनसक्छ, जातीय साप्रदायिक हुन पुग्दछ, यदुबँशीय झैं बिनाश हुन सक्छ तर देश विकसित बन्दैन, राजी रोटीको समस्या समाधान हुदैंन । राजनीतिक हल क्षणिक मात्र हो । दलीय स्वार्थपुर्ति मात्र हुन् । यस्ता समस्याबाट राष्ट्रलाई जोगाइ राख्न तथा सबैका माग एकै साथ पूरा गर्न सकिने एउटा मात्र उपाय हो व्यवस्थित बस्ती पद्धतिबाट देश निर्माण तिर उन्मुख हुनु । यस पद्धतिबाट नै जन आबाज मत्थर हुन्छ, जन चाहना पूरा हुन्छ ।



**डा.शास्त्रदत्त पन्त**

नीति र प्रक्रिया

*१. नीति र प्रक्रियाका आधार :*

*राष्ट्रको समष्टिगत तथा सर्ब पक्षीय विकास गर्न स्पष्ट नीति र स्पष्ट कार्य प्रक्रियाको खाँचो हुन्छ । यस पछि उल्लेख गरिएका ती कुराहरू निम्न कुरामा आधारित गरिएका छन् :*

*संस्थागत निर्माण :*

*- नीति निर्माण, - योजना र बजेट निर्माण, - कार्यान्वयन व्यवस्थापन , - संचालन र संभार, - अबलोकन र मूल्यांकन, स्थलको छनोट, उचित स्थानीय प्रबिधिको, पिछडिएकालाई सहभागी गराउने, चेतना बढाउने कार्य गर्ने , आर्थिक पक्ष, बिषयगत लगानी, खाने पानी सुबिधा , गरीवीको कारणको पत्तो लगाउने, ज्ञानपक्षीय तथा वस्तु पक्षीयको सँगै विकास गर्ने, प्रतिस्पर्धी उद्योग र ब्यापार बढाउने र ब्यापार संतुलन गर्नेज्ञान, सीप, क्षमताको विकाश गर्ने, आधारभूत कानूनी कुराको ज्ञान सीप दिने, बाताबरणीय कुराको राम्रो ज्ञान दिने ।*

# प्राकृतिक बिपद्मा समाज र छिमेकीको भूमिका

भोटेकोशीको उद्गमस्थल तिब्बतको झाङ्गझाङ्गबुनदी जो तिब्बतको शिसापाङ्गा हिमस्थलबाट उदाएको मानिन्छ । यसलाई नेपालमा सप्त कोशी भनिन्छ । सप्तकोशी, जसलाई साधारण बोलीचालीमा कोशी नदी पनि भनिन्छ । जो नेपालको सबैभन्दा बढी चौडा ( चाक्लो) नदी मध्यको यही मानिन्छ।यो तिब्वतमा बगेको समेतगरी करिब ७२० कि.मी.लामो छ । यसका ७ वटा सहायक नदीहरू छन्, ती हुन् तमोर, अरूण,दूधकोशी, लिखू,तामाकोशी, सुनकोशी र इन्द्रावती । यसका ७ वटा सहायक नदीमा सबैभन्दा पूर्वी तमोर र सबैभन्दा पशिचमी नदी इन्द्रावती हुन् ।

जसमा आएको आकस्मिक बाढीले बिभिन्न देशका पर्यटकहरू र हजारौंनागरिकहरू प्रभावित भएका छन् ।

अहिलेसम्म बिभिन्न मिडियाहरूको माध्यमद्वारा आएको जानकारी - भोटेकोशीमा आएको आकस्मिक बाढीमा परेका झण्डै ६ सय जनाको शव विभिन्न स्थानमा फेला परेको छ । हजारौं बेपत्ता छन्, जसमा प्रशासनले दिन रात नभनि लगातार खोजी कार्य भएको जानकारी छ । खोजी कार्यमा नेपाल सेनाका जवानहरू जुटेका छन् । बिभिन्न संग संस्थाहरू समेतले सहयोग पुराएको बिभिन्न् मिडियाहरूमा आएको छ । यो राष्ट्रिय आपत विपतमा सबै नागरिक समाजहरू एकढिक्का भएर यसको सामना गर्नुपर्नेछ ।

नेपाल प्रहरीले सार्वजनिक गरेको विवरण अनुसार सबैभन्दा बढी चितवन, धादिङ, पूर्वी नवलपरासी, गोरखा, नुवाकोट, तनहुँ, नवलपरासी पश्चिम र रसुवामा थुप्रै शवहरू फेला परेका छन् । सरकारका लागि शव पहिचानमा समस्या परेपछि तिनको व्यवस्थापनमा ठूलै चुनौती सामना गर्नुपरेको छ । मौसमको खरावीका कारणले पनि उद्धार र राहतमा समस्या परिरहेको छ । सुरूङमा थुनिएकाहरूको उद्धारका लागि सरकारले चीन र भारतका विज्ञटोली झिकाएर काम गरिरहेको छ ।

भोटेकोसी नदीमा आएको बाढीपछिको उद्धार, राहत तथा सहायतका लागि विभिन्न जिल्लामा झण्डै



**सुरेशकुमार पाण्डे**

१८ हजार सुरक्षा र जनशक्ति परिचालन गरिएको सरकारले बताएको छ । विभिन्न अस्पतालमा सयौं उपचारमा रहेका छन् । चीनीया अधिकारीले सात मि.अग्लो ड्याम फुट्न सक्ने खतरा बताएका छन् । उनिहरूले सबै राहतकर्मी र अन्य पक्ष सबैलाई सचेत रहने सुझाव पनि दिएको बताईन्छ । यसरी उक्त नदीमा अंझै खतरा बरकरार रहेको छ । यदि त्यो ड्याम बिष्फोट हुन्छ भने फेरी यही नदी महाकाल बनेर बज्रन सक्नेछ ।

नदीलाई व्यवस्थापन गर्ने बहानामा थुप्रै रिस्क लिएका हुन्छन् जस्ले गर्दा जोखिम झनै बढाइदिन्छ । यो प्राकृतिक विपदबाट शिक्षा लिएर भविष्यका लागि सावधानी नीति लिन जरूरी छ ।

नेपालको पहाडी भेगमा सिंचाईको राम्रो व्यवस्था छैन तर हामीसङ्ग कुल ८३ हजार मेघावट विद्युत, ८० लाख हेक्टर सिंचाई क्षमता भएका करिब ४५ हजार कि.मी.भन्दा बढी लम्बाइका ६०००भन्दा बढी नदीको करिब २ लाख २ हजार मिलियन क्युविक मीटर पानी क्षमताको नेपाल विश्वमा ब्राजिलपछि सबभन्दा जलसम्पदायुक्त देश मानिन्छ । तर हाम्रै देशभित्र कयौं गाउ घन्टौं हिंडेर पिउनका लागि पानी ओसारेको देखिन्छ । पानीको व्यवस्थापन र जलवायु परिवर्तनप्रति सचेतनाको आवश्यक छ ।

नेपालका यी कुल नदीहरूलाई हिमालमै मूल भएका, महाभारतमा मूल भएका र चुरेमा मूल भएका वा हिउँदमा सुक्ने खालका गरी तीन भागमा बाँड्न सकिन्छ । अहिले जसरी हिमनदीमा बिष्फोट हुंदा बाढी आएको छ । जसले नेपाली भूमिमा कहर ढायो । सयौंको सङ्ख्यामा मानिसहरू मरेका छन्, घरबार बगाएको छ । कयौं पुरै परिवार अलपत्र परेको भयभाव र दर्दनाक अवस्था छ ।

भनिन्छ वि.स.२०४४ र २०५०मा पनि बाढी/पहिरो आयो । त्यसवेला पनि जन धनको ठूलो पैमानामा नोक्सान भएको थियो । नेपालमा सानातीना बाढी पहिरो त प्रत्येक वर्ष आइनै रहन्छ । यसरी क्षति गर्नेगरि प्राकृतिक आपद २०७२ को भुकम्पपछि कोरोना कहर आयो । २०७२मा आएको भुकम्पले देशका करिब ९ हजार जती मानिसको ज्यान लिएको थियो । हजारौं प्रभावित भए ।

समय-समयमा कर्णाली वा मध्य पश्चिम र दक्षिणका तराई प्रदेशले बाढीको र खडेरीको पनि सामना गर्दै आएका हुन्छन् ।

जतीवेला आपत बिपत आई लाग्छ त्यहीवेला रहातका कुराहरू पनि हुन्छन् । माहोल अलिक चिसियो भने फेरी त्यो सबै कुरा भुलिन्छ । राष्ट्रिय कार्यक्रम यूनिसेफले विपद, जोखिम न्यूनिकरण विपदको पूर्वतयारी,व्यवस्थापन तथा उद्धार र जलवायु परिवर्तनसङ्गै अनुकुलतालाई मूलप्रवाहमा ल्याउनका लागि काम गर्ने छ, भनिएको छ ।

तरपनि जतीवेला प्रकृती आपदा आउछ तबमात्र पार्टीहरू यस्ता पोपलिष्ट कुराहरू गर्छन् । यसकालागी केन्द्रीय प्रदेशिक र स्थानीय तीनै तहमा जोखिम सम्बन्धी कार्य क्रमहरूको जानकारी प्रवाह गर्न सहजीकरण र सहकार्यलाई प्रवर्धन गरिने कुराहरू उल्लेख गरिएको थियो । यो सबै कुरा घाउ ताजा हुदा गरिन्छ घाउ निको भयो भने त्यसबारे चुपचाप बसिन्छ । बिर्सिने गरिन्छ

यो मुद्दा केवल नेपालको मात्र होइन यो अन्तर्राष्ट्रिय मुद्दा हो । त्यसै पनि नेपाल कमजोर छ, समृद्धि खोजिरहेको छ । त्यसमाथि भूराजनीतिको कहर पनि नेपालमाथि नै मडारिएको छ । नेपालीहरू, बाढी /पहिरोमा पर्छौं तर हाम्रो आफ्नो समुद्र मार्ग छैन । नेपालले सदियौं देखि भोग्दै आएको जमिनमा अरू कसैले कब्जा जमाएका छन् ।

भूमि अतिक्रमण गरेर छिमेकीले आफ्नो परिचय आफैले दिएका छन् । उनिहरूलाई भनिरहनु पर्दैन । चोरको टाउकोमा सिन्को भने जस्तै इसारा काफी छ । यसबारेमा भारत र चीन दुबैदेश अमोवेश जिम्मेवार छन् । नेपालका लागि समदूरीको नीति जरूरी छ । जसले बच्न र बचाउन, स्वराज कायम गर्न सकिनेछ ।

अब थोरै नेपाली समाजको आपत विपतपर्दाको व्यवहारलाई थोरै भएपनि मुल्याङ्कन गर्नै पर्छ । हाम्रो समाजमा जब कुनै आपत पर्छ त्यसबाट आर्थिक सङ्कलन गर्ने मौका ढुकेका असामाजिक तत्वहरूपनि भेटिन्छन् । कयौं रोएका छन् कसैले त्यो विपतकोवेलामा सहयोग गर्नुको सट्टा कसरी त्यो आइपरेको प्रकृती प्रकोप वा कुनै आन्दोलन् तोडफोड हुंदा सामानहरू लुट्ने प्रयास गरिरहेका हुन्छन् । यसमा सरकार सचेत हुनुपर्छ ।

जेन्जी आन्दोलनमा कसैले आगलगी गरे कसैले मौका छोपेर सामान लुटे । कोही कैदीहरूलाई छुडाए कसैले सरकारी बन्दुक लुटे । बाढीको विपदमा पनि लुट्नेहरू देखिए, मानवता मरेतुल्य देखियो । अहिलेको यो बाढी पहिरोमा पनि कयौं मृत महिलाको कानबाट उनिहरूले लगाएको सुनका गहनाहरू झिकेको भिडोयो देखियो, पानीमा तहरिरएका ग्यास सिलेण्डरहरू समेत आफ्नो कब्जामा लिने गरेको देखियो । बैंकको लकर फोडियो, जो खोसाखोस, बाँडचुँड गरेको देखियो ।

यस्ता लुटेरा तत्वहरूका कारण नेपालमा मानवीय संवेदन हराउँदै गएको अनुभूत गर्न सकिन्छ । यस्ता दृश्यले गर्दा सिङ्गो नेपाली समाजको बद्नाम भएको छ । सबै मानिसहरू मरेर जाने हो । हामी सदियौं जीवित रहन सक्दैनौं, उनिहरूले लुटेको समानपनि यही रहने हो । तर उन्ले कमाएको यो बद्नामी इतिहास बनेर जीवित रहने छ ।

यस्तो आइपरेको विपतमा सके सहयोग गरौं नसके यसरी मृतकको गहना नै झिक्ने गल्ती नगरौं । आज सारा देश रोएको छ, यस्तो अबस्थामा मुहार पुस्तिकामा खुसिका खबरहरू अवलोड नगरौं । देश शोकमय छ । नाचगान गरेका दृश्यहरू नराखौं । हामी सबै नेपाली आमाका सन्ततीहरू जहँ जसलाई परेपनि हामी सबैको साझा दुःख हो । हामी सबै शोकमा छौं । देश शोकमा छ । यो समय नेपाली एकता कायम गर्ने, सकेसम्म सहयोगी हात बढाउने र यो विपद्सँग जुध्ने र पीडामा परेकालाई साथ र सहयोग दिने समय हो ।

नेपाली त्यसै पनि मानवीय संवेदन भएको जाति हो । यो जातिलाई जतिसुकै राजनीतिले गिजोले पनि नेपालीमा भएको राष्ट्रियता, एकता र मानवीयता मर्न सक्दैन, मर्न दिनुहुन्न ।

# राष्ट्रिय समाज सुधार संस्था दृढ

राष्ट्रिय समाजसुधार संस्थाले प्रजातान्त्रिक राष्ट्रवादका पक्षधर मञ्जुर वर्ल्डको ३७औं स्मृती दिवस नारायणी नदी किनारमा आयोजना गऱ्यो । कार्यक्रममा मिकतोक लिम्बु भन्छन्- मञ्जुर वर्ल्ड प्रजातन्त्र र राष्ट्रवादप्रति समर्पित नेता हुनुहुन्थ्यो भन्दै आज देशमा राजसंस्था स्थापना गर्ने एकमात्र मुद्दा, हामीले बोक्नु पर्छ । अरू तपसिलका विषय राजसंस्था स्थापना गरेपछि गरौंला, हामीले धेरै समय खर्च गरि सकेका छौं, रूमल्लिएर बस्ने अवस्था छैन । शंकर मधैयासहितका वक्ताहरूले राष्ट्रिय समाज सुधार संस्थाका संस्थापक शहीद मञ्जुर वर्ल्डको ३७ औं स्मृति दिवसमा राष्ट्रियतालाई बचाउन “श्रीपेच” राष्ट्रको मियो राजा ज्ञानेन्द्रलाई नै फर्काउने उदेश्य राखेर देशव्यापी जनजागरण गराउने छौं ।

राष्ट्रवाद जागरण अभियन्ताहरू भरत रायमाझी प्रमुख सल्लाहकार राधेश्याम थापा संयोजक शंकर मधैया, संगठन विभाग प्रमुख कपिलमान खड्गी, अशोकमान वैद्य, पोखराका वरिष्ठ पत्रकार केशव भण्डारी, प्रा. कोमल नाथ उप्रेती, कृष्ण लामा, लक्ष्मी अधिकारी, निरा रंजित लगायतले राजा र नेपाल राष्ट्र एक सिक्काका दुई पाटा हुन् भन्ने बारे निरन्तर प्रष्ट्याइरहेका छन् ।

अनेक थरिका कार्यक्रम गर्दै हिंडेका पदमा ताम्राकार, चन्दन शाक्य, भाइकृष्ण के.सी. केशरी श्रेष्ठले धार्मिक कार्यक्रम गर्दै राष्ट्रवाद जगाइरहेका छन् ।

पृथ्वीनारायण शाह भन्छन्- अंशको रूपमा आफुलाई परिचित गराउँदै आउनु भएका शिव तान्त्रिक सनत कुमार पौडेलले अब हामी स्वतन्त्र नेपाल चाहने सबैले गायत्री मन्त्र लगायतका मन्त्रहरू जप्न छोडेर नेपाल आमाको मन्त्र जप्न आव्हान गर्दै वैदिक यौगिक सत्य सनातन धर्म नेपालले संस्था स्थापना भएको १२ औं वर्ष पुगेको उपलक्ष्यमा “सनातन स्वतन्त्र नेपाल स्थापना गर्ने” लक्ष्य सहित २४ बुँदे अवधारणा प्रस्तुत गरेका छन् ।

ध्रुव कुमार भट्टराई, विनोद नेपाल, शंकर मधैया, विष्णु सिंह डंगोल आदीले नेपालीहरूकै कारण नेपाल प्रतिरक्षात्मक परिस्थितिवाट गुज्री रहेको छ, चाँडो भन्दा चाँडो देशलाई सहि निकास दिन जनता उठ्नुपर्ने बताएका छन् ।

शहीद शुक्रराज शास्त्रीको १३३ औं जन्म जयन्तीको अवसरमा शहीद स्मारक समितिले श्रद्धाञ्जली सभाको आयोजना गरेको थियो । यो सभामा पनि यिनै देशभक्तहरू सकृय रहेका थिए । राष्ट्रिय समाज सुधार संस्था देशभक्तिपूर्ण कार्यक्रमका लागि देशका कुना कुनामा पुगेर राजतन्त्रको मन्त्र जगाइरहेको छ । यसमा धरानका पुराना राजनीतिज्ञ देवराज अधिकारीले साथ दिएका छन् ।

उनीहरूको धारणा छ, राज्यले उनीहरूको आवाज सुन्नुपर्छ । “नेपालको राजाले राजधानीको धर्म र संस्कृति जोगाएको छ, धर्म र संस्कृति नियम पालन गर्ने उपत्यकावासी नेवाःहरूले जोगाएको छ, उपत्यकावासीहरूको उपत्यका घेरेर बसेका १३ वटा जिल्लाका तामाङ जातीहरूले नेपाः नेपालको रक्षा गरेको छ, त्यस पछि मात्र सिंगो नेपालीले जोगाएको राष्ट्र हो, कहिल्यै पराधीन नभएको देश नेपाल विश्वमा कतै छैन, हिमाली काखमा छ ।” यी राजतन्त्रवादी अभियन्ताहरूको दृढ विश्वास रहेको देखिन्छ । फोटो पत्रकार विष्णु सिंह डंगोल, संस्कृतिवीद महेश्वर जुजु राजोपाध्यायको मान्यता पनि यही हो ।

२०४७ सालको संविधान, हामी सबैको अभियान (२०८०) का महासचिव कपिल मान खड्गीले २०७२ सालको संविधानको खारेजी र २०४७ को संविधानको धारा ५३.१ को क्रियाशिलताको लागि समर्पित देश बचाउने महाअभियानमा माया पाण्डे, शंकर मधैया, सिता मैनाली, कृष्ण प्रशाद प्रसाई, ज्योती बानीया. फोटो पत्रकार विष्णु सिंह डगोल, प्रेम चन्द ठकुरी, विजय थापा, बुद्धिजीवि माधवप्रसाद लामिछाने आदिले निरन्तरता दिदै आएका छन् ।

राष्ट्रवादीहरूको साझा संगठनका अध्यक्ष प्रा.डा. उत्तमकृष्ण कर्माचार्यको सभापतित्वमा र प्रमुख आतिथ्यमा पृथ्वीनारायण क्याम्पसका प्राचार्य अमात्यले पृथ्वीनारायण शाहले जोडी दिएको हाम्रो साझा घरमा पृथ्वीनारायण शाह प्रति घृणा भाव राख्ने र सत्तो सराप गर्नेहरू प्रति खेद प्रकट गर्दै नयाँ पुस्ताले सग्लो नेपाल पाउने हुन् कि होइनन् भन्ने विषयमा चिन्ता प्रकट गरेकाथिए । प्राडा उत्तम कृष्ण कर्माचार्यले राष्ट्र बचाउने भावी सन्ततिलाई स्रक्षित नेपाल सुम्पने रोडम्याप सार्वजनिक गरेका छन् । हेर्नुछ, यो अभियान कहिले सफल होला ?

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ भदौ १६, Sep. 1, 2026





अन्तिम पातो - शाश्वत शर्मा

# सरकार र सुरक्षा निकाय, दुबैलाई सलाम

देश अभूतपूर्व संकटमा छ । गत बुधवार चीनतर्फको हिमताल फुटेर आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखालगायतका जिल्लाहरू ध्वस्त भए । ठूलो मानवीय र भौतिक क्षति भएको छ । अकस्मात मुलुकमाथि आइलागेको यो प्राकृतिक बज्रपातसँग जुध्न सिङ्गो देश एकजूट भएको छ । अझ मित्रराष्ट्रहरूले पनि सक्दो सहयोग गरिहेका छन् । भनिन्छ, ०७२ सालको भूकम्पभन्दा पनि त्रासदी छ अहिले । मृतक र बेपत्ताहरू कति छन् ? त्यो अनुमान लगाउन कठिन छ । यस्तो विषम परिस्थितिमा आमनेपालीले गच्छेअनुसार सक्दो सहयोग गरिरहेका छन् । केही अपवाद बाहेक सर्वसाधारण र सुरक्षा निकायहरू रातदिन उद्धार र राहतमा जुटेको देखिन्छ । पीडितका लागि खडा गरिएको प्रधानमन्त्री राहत कोषमा राजा ज्ञानेन्द्रदेखि निम्न बर्गका नेपालीहरूले सक्दो सहयोग जुटाएका छन् । केहीको विचारमा, जुन विपद आइलाग्यो, त्यो एकदमै दुःखद कुरा हो । त्यत्रो मानवीय र भौतिक क्षति भयो, त्यो अपूरणीय छ । यस्तो समयमा सरकारको सकृयता, त्यो चैं सुखद कुरा हो । किनभने पुराना भ्रष्ट अपराधी नो र तिनका दलको सरकार भइदिएको भए, यति तदारूकताका साथ उद्धार, राहत हुने थिएन । अझ सहायताका नाममा अहाएका नगद र जिन्सीमा हुने गरेको भ्रष्टाचारले मुलुक अर्को किसिमले आक्रान्त बन्ने थियो । कमसेकम अहिले त्यस्तो भएको छैन । भ्रष्टाचार हुन्छ भन्ने शंका पनि छैन ।

यो विपदमा प्रधानमन्त्रीदेखि मन्त्रीहरू विपद् क्षेत्रमा रातदिन खटिएका छन्, यो प्रशंसनीय छ । राहत र उद्धारमा पक्षपात गरिएको छैन । राज्यका सबै शक्ति उद्धार र राहतमा लागेको छ । प्रधानमन्त्रीले भनेका छन्- सरकार जनताका साथमा छ ।

हो, विपदमा परेका, आफन्त गुमाएका र आफन्तको लाश वा श्वास जे छ चाहियो भन्नेहरू सरकारलाई उद्धारमा किन ढिलाई भनेर प्रश्न गरिरहेका छन् । सरकारले चीन, भारतदेखि विज्ञहरू ल्याएर उद्धारको प्रयास गरिरहेको छ । स्वयम् पार्टीका नेताहरू विपद् क्षेत्रमा पुगेर सरकारको काम हेरेका छन्, सुझाव दिएका छन्, सरकार सबैको सुझावअनुसार सकृय भइरहेको छ । झण्डै अठार हजार सुरक्षाकर्मी, प्रशासन खटिदा पनि प्रतिकूल मौसमका कारण उद्धारमा कठिनाई भइरहेको देखिन्छ । यद्यपि बन्द भएका राजमार्ग खुलाउने र सम्पर्क विहीन स्थितिलाई काबुमा ल्याउने काम सरकारले गरिरहेको छ । सरकार छ भन्ने अनुभूति छ ।

सेना बिघटन गर्नुपर्छ, संख्या घटाउनुपर्छ भन्ने स्वर्णिम वाग्ले, सीके राउतहरू ज्यानको बाजी लगाएर सुरक्षाकर्मीले गरेको उद्धारको कार्य हेरिरहेका छन् । विश्वले नेपाली सेना, प्रहरीको सकृयता, साहस देखेर पंशंसा गरिरहेका छन् । सबैले थाहा पाए होलान्, सेना किन चाहिन्छ ? विपत्तिसँग लड्न सेनाको महत्व कति छ ? नेपाली सेनाको सकृयता र भारतीय पर्यटकको उद्धार गरेको देखेर भारतले समेत प्रशंसा गरेको छ । पर्यटकहरूको साहसिक उद्धारप्रति सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको विश्वमै वाहवाही भइरहेको छ । हिजोका दिनमा राजनीतिक कारणले यी संस्थाको विरोध गर्नेहरू आज मौन छन् । सरकार, जनता र सुरक्षानिकायवीच दरिलो समन्वय भएका कारण कसैले औंला उठाउने साह गर्न सकेका छैनन् । लामो समय संसदमा प्रतिपक्षी बनेर बिरोधको लागि बिरोधको राजनीति गर्नेहरू समेत सरकार र सुरक्षा निकायका साथ उभिएका छन्, भइरहेको कार्यप्रति सन्तोष गरेका छन् ।

धमिलो पानीमा माछा मार्न पल्केकाहरूमा असन्तोष होला, यो विपद्मा स्वार्थसिद्ध गर्न नपाएकाहरू आलोचना पनि गरिरहेका छन् । भूराजनीतिका कारण विवाद आउन सक्ने भएकाले विदेशी सेनाको संलग्नतालाई सरकारले अस्वीकार गर्दै आफ्नै सामर्थ्यले यो विपद्सँग जुध्ने सरकारको नीतिलाई स्वाभिमानी मानिएको छ । सरकारकै सजगताका कारण यो विपत्तिमा कहीँकतैबाट भ्रमपूर्ण कुराहरूमा कमी आएको छ । सरकारले पनि यथार्थ सार्वजनिक गरिरहेको छ । प्रमाणित र सरकारी सूचनामा मात्र विश्वास गर्न आह्वान गरिरहेको छ । त्रासदीलाई बढाइ चढाइ झन झन त्रासदीपूर्ण बनाउने विगतको जस्तो घटना भएको छैन । चन्दा आतंक मच्चाउने, लूटगर्ने, पीडितमाथि अन्याय थोपर्ने बिगतको अनुभवहरूमा सरकार सचेत देखिन्छ । जो लुट्मा संलग्न थिए, प्रहरीले पक्राउ गर्न थालिसकेको छ । यो विपत्तिको समयमा विपद्मा परेका व्यक्ति, परिवारजनमा के कसरी हुन्छ, कति हुन्छ, सहयोग गरौं, सहयोगी हात बढाऔं । सुरक्षा निकायलाई हौसला दिऔं । पुराना खराव नजीरहरूलाई तोडौं । सकभर पछि पछि आउनसक्ने विपद्बाट सावधानी अपनाऔं, विपदसँग लड्ने क्षमता बृद्धि गरौं । एकता कायम राखौं ।



## मानव बेचबिखन नियन्त्रण गरौं

**मानव बेचवखत भन्नाले:**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउने जस्ता कार्य हुन् ।

**तसर्थ:**

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुन बमोजिम कारवाही हुन्छ,
- मानव बेचवखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।


नेपाल सरकार
विज्ञापन बोर्ड


# खनाल र श्रेष्ठ सम्मानित




नेपाल जनप्रशासन संघ र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडद्वारा संयुक्त रूपमा गत सोमवार आयोजना गरिएको 'हेमबहादुर मल्ल सम्मान समारोह' २०८१ बाट धुलिखेल अस्पतालका अध्यष डा.रामकष्ठ माकजु श्रेष्ठ र पूर्व अर्थमन्त्री रामेश्वर खनाललई सम्मानित गरिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले वहाँहरू दुबैलाई नगद रू दुई लाख र सम्मानपत्रबाट सम्मानित गर्नु भएको हो ।

२०६० सालबाट प्रारम्भ गरिएको यस्तो सम्मान कार्यक्रमबाट पहिलो पटक श्री केदारभक्त माथेमालाई सम्मान गरिएको थियो । छनौट समिति गठन गरी प्रशासन, व्यवस्थापन, इमान्दार, परिश्रमी, कर्तव्यनिष्ठ, शिष्ठ व्यक्तिहरूमध्येबाट छनौट गरी यस्तो सम्मान दिइने गरिएको छ । २०८१ को छनौट समितिका संयोजक पूर्वसचिव कृष्ण ज्ञवाली, नीता पोखेल, शिवराम पोखेल, आमन्त्रितमा कृष्णहरि बास्कोटा, डा. दिलिपराम पौडेल, जमुना दंगाल रहनु भएको थियो । समारोहमा साल्ट ट्रेडिङका प्रदीपलाल श्रेष्ठ, जनप्रशासन संघका मधुरमल आचार्यहरूले स्वागत मन्तव्य व्यक्ति गर्नु भएको थियो भने राष्ट्रपति रामचन्द्र पौडेलले हेमबहादुर मल्लको आफ्नो स्मरण सुनाउँदै सम्मानको महत्वका विषयमा विचार व्यक्त गर्नुभएको थियो । कुशल प्रशासक हेमबहादुर मल्लको २०५७ सालमा निधन भएको थियो । यस प्रकारको स्मरण र सम्मानका लागि साल्ट ट्रेडिङ कर्पोरेशन धन्यवादको पात्र बनेको छ ।



## भोटेकोशी बाढी: बुद्धिनारायण श्रेष्ठ भन्छन्

एउटा नक्सा नेपाल-चीन सीमानक्सा हो र अर्कोचाहिँ नेपालको स्थलरूप नक्सा हो । चीन भएर नेपाल पस्ने ल्हेन्दे खोलाको सहायक खोलाको ३२२५ मिटर उचाइमा पुरेपु हिमनदीको ढिस्को तलतिर बग्दै झरेर खोला रोकिदा पानी जमेर ताल बन्यो ।

ताल फुट्यो । फुटेको तालको पानी ल्हेन्दे खोला हुँदै रसुवागढीतर्फ बेजोड गतिमा बढ्यो । पानीले रसुवा, टिमुरे, स्याफ्रबेसी, धुन्चे, धारापानी, बेत्रावती, नुवाकोट, बिदुरको बस्तीलाई तहस नहस बनायो ।

चिनियाँ भूमिमा उत्पति भएको ल्हेन्दे खोलालाई रसुवागढीदेखि दक्षिणमा भोटेकोशी भनिन्छ । यही खोला अझ दक्षिण स्याफ्रुबेसी कटेपछि त्रिशुली नदी भनिन्छ । यही खोलाले प्राकृतिक बितण्ड मच्चायो ।

# बिपद आएपछि राहत बाँड्ने भन्दा, जोखिम घटाऔं

रामजी ज्ञवालीको सुझाव छ- थापाथलीमा जे भयो, काठमाडौं उपत्यकाका खोलाहरूलाई जसरी खुला गरियो र अहिले रसुवाको बाढीले जुन भयावह अवस्था देखायो–यी सबै घटनालाई एउटै कोणबाट हेर्नुपर्ने समय आएको छ । प्रश्न अब कुनै व्यक्ति, पार्टी वा स्थानीय सरकारको पक्ष-विपक्षको होइन । प्रश्न के हो भने, बाढी आउने ठाउँमै बस्ती राखेर हामीले आखिर कति वर्षसम्म जोखिम मोलिरहने ? काठमाडौं उपत्यकाका खोला किनारमा वर्षौंदेखि बनेका संरचना एकाएक नयां सरकारले हटाउने विषयमा अनेक विवाद भए । कसैले यसलाई कठोर निर्णय भने, कसैले राजनीतिक कदम । तर प्राकृतिक विपत्तिले बारम्बार एउटा कुरा सम्झाइरहेको छ– खोला आफ्नो बाटो खोजेर बग्छ । खोलाको क्षेत्र मिचेर घर बनाउँदा केही वर्ष समस्या नदेखिएला, तर ठूलो वर्षा, बाढी वा पहिरो आएपछि मूल्य ठूलो हुनसक्छ ।

रसुवामा केही दिनअघि आएको बाढीले यही बहसलाई अझ गम्भीर बनाएको छ । आज रसुवाको यो घटना भोलि अर्को जिल्लामा नहोला भन्ने कुनै ग्यारेन्टी छैन । पहाडी क्षेत्रका खोला किनार, नदीको बगर, पहिरोको जोखिम भएका बस्ती र कमजोर भू-भागमा बसोबास गरिरहेका हजारौं परिवारबारे अब सरकारले दीर्घकालीन निर्णय लिनुपर्छ । त्यस्तै तराई क्षेत्रका बस्ती, जो खोला-किनारामा छन्, ती बस्तीलाई पनि तत्कालै सार्ने गरी निर्णय लिनुपर्ने अवस्था आएको मेरो विश्लेषण हो । यसको अर्थ कसैलाई जबर्जस्ती घरबारविहीन बनाउनु होइन । राज्यले सुरक्षित विकल्प दिनुपर्छ । जहाँ बाढी र पहिरोको जोखिम अत्यधिक छ, त्यहाँ रहेका बस्तीलाई क्रमशः सुरक्षित स्थानमा स्थानान्तरण गर्ने राष्ट्रिय नीति आवश्यक छ । पुनर्वाससँगै जग्गा, घर, खानेपानी, विद्यालय, स्वास्थ्य, रोजगारी र यातायातको व्यवस्था पनि राज्यले गर्नुपर्छ । तर, यसका लागि हामीले उल्टो तर्क र हर्क शैली अपनाउनु हुँदैन ।

अहिले आवश्यक कुरा राजनीतिक दलबीच आरोप-प्रत्यारोप होइन, सर्वदलीय बैठक हो । संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरेर देशभरका जोखिमयुक्त बस्तीको नक्सांकन गर्नुपर्छ । विज्ञको अध्ययनका आधारमा कुन बस्ती सुरक्षित छ, कुन स्थान स्थानान्तरण गर्नैपर्ने अवस्थामा छ र कुन क्षेत्रमा तत्काल संरचना निर्माण रोक्नुपर्छ भन्ने स्पष्ट निर्णय हुनुपर्छ । काठमाडौंमा बालेन सरकारले गरेको निर्णयलाई लिएर वर्षौं राजनीति गरिरहने, अनि अर्को ठाउँमा बाढी आएपछि राहत र उद्धारमा मात्र सीमित हुने र 'के गर्‍यो सरकारले ?' भन्ने प्रवृत्तिले अब देश चल्दैन । विपद् आएपछि राहत बाँड्नेभन्दा विपद् आउनुअघि जोखिम घटाउने राज्य नीति आवश्यक छ । यसका लागि विपक्षी दलका नेताहरू विरोधका लागि विरोध होइन, समग्र जनताको हक र हितका लागि सोच्नुपर्ने बेला आएको छ।

खोला किनारमा घर बनाउनु विकास होइन। जोखिमयुक्त ठाउँमा बस्ती विस्तार हुनु उपलब्धि होइन । आज घर बन्यो भनेर खुसी हुने तर भोलि त्यही घर बाढीले बगाउँदा, नागरिक बेपत्ता हुंदा राज्यले करोडौं रूपैयाँ खर्च गरेर उद्धार गर्नुपर्ने अवस्था स्वीकार्य हुन सक्दैन । त्यसैले थापाथलीदेखि काठमाडौं उपत्यकाका अरू खोला, रसुवादेखि तराईका नदी किनारसम्म एउटै नीति आवश्यक छ–जोखिमयुक्त बस्ती पहिचान गर, सुरक्षित स्थानमा सार, खोला र नदीको प्राकृतिक क्षेत्र खाली गर । कहीं कतै भवितव्य घटना अध्ययन गरेर निर्णय गर्नुपर्ने बेला आएको छ ।

एउटा राष्ट्रिय बहस भने सुरू हुनैपर्छ–खोला र नदीको बाटो जोगाउने कि मान्छेको ज्यान जोखिममा राखेर बस्ती जोगाउने ?

सरकारले अब भावनामा होइन, तथ्य र विज्ञको अध्ययनमा निर्णय गर्नुपर्छ । विपक्षी दलले पनि हरेक निर्णयलाई राजनीतिक चस्माबाट मात्र हेर्नु हुँदैन । सत्तापक्षले पनि जनतालाई विकल्प नदिई विस्थापन गर्न खोज्नु हुँदैन । तर, सही काम हो भने सरकारको आफ्नै अडान पनि आवश्यक छ । हामीले अब एउटा कुरा स्वीकार गर्नैपर्छ–जोखिमयुक्त ठाउँमा बसोबास गर्ने अधिकारभन्दा सुरक्षित जीवनको अधिकार ठूलो हो । देशभर जोखिमयुक्त खोला किनारका बस्ती सार्ने राष्ट्रिय अभियान सुरू गरौं । आज कठिन देखिए पनि भोलिको पुस्तालाई सुरक्षित बनाउन यही कठिन निर्णय आवश्यक छ ।

अब सोझा-सिधा जनतालाई उचालेर राजनीति गर्ने काम तत्काल बन्द गर्न सम्पूर्ण राजनीतिक दल र नेताहरूलाई मेरो आग्रह छ ।